# पूर्णिमा

इतिहास – प्रधान त्रैमासिक पत्रिका

५१

पू

र्णा

ङ्क

संशोधन–मण्डल

का. मे. प्र. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ

कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला।]

# पूर्णिमा


१३ वर्ष

३ अङ्क

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन-मण्डलद्वारा)

सहयोगी–

रामजी तेवारी

यस अङ्कको मूल्य रु. १०।–

# विषयसूची


| | | |
|---|---|---|
| १. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको | | पृष्ठ |
| नेपालको संक्षिप्त इतिहास | — देवीप्रसाद भण्डारी | १–१० |
| २. विद्वच्छिरोमणि हेमराज शर्माद्वारा | | |
| विरचित प्रथम महायुद्धको वर्णन | — दिनेशराज पन्त | ११–३५ |
| ३. पण्डित गोपाल पाँडेको विषयमा थप कुरा | — नयराज पन्त | ३६–३७ |

(क्रमागत)

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको

# नेपालको संक्षिप्त इतिहास

**सम्पादक– देवीप्रसाद भण्डारी**

१५। पृथ्वीनारायण शाहले जेठी रानी इन्द्रकुमारीलाई चौतारा भन्ने पदवी दिएर गोरखामा राखेका थिए। यिनका सन्तान थिएनन्। पतिका साथमा रहने गरेकी कान्छी रानी नरेन्द्रलक्ष्मीका तीन सन्तान— युवराज प्रतापसिंह शाह, बहादुर शाह र विलासवती—थिए। त्याइता रानीपट्टिका एक छोरा रणसिंह शाही थिए। पृथ्वीनारायण शाहका भाइहरू पनि सबै योग्य र सुसाहसी थिए। तिनले सबै भाइबाट समयसमयमा काम पनि लिंदै रहे। मकवानपुर दखल भएपछि माहिला भाइ महोद्दामकीर्ति शाहलाई त्यहाँका हाकिम गराएर राखेका थिए। यिनले त्यहाँ स्वतन्त्र राजा बन्ने चेष्टा गरेको गन्ध पाएर जङ्गी कामबाट झिकी निजामती काममा लगाएका थिए। साहिँला भाइ दलमर्दन शाहलाई शुरूदेखि नै निजामती काममा राखेका थिए, अन्तिम समयमा दाज्यूसँग खटपट भई रौतहटमा गएर बसेका थिए। कान्छा भाइ शूरप्रताप शाहले भक्तपुर विजय गरेमा पहिलो पुरस्कार नपाउँदा गोरखामा गई बस्ने बहाना गरेर नोकरी छोडे, तर गोरखामा पुग्नेबित्तिकै रातमा मर्स्याङ्दी पार भएर दैलेखमा गई जीवन बिताए। काहिँला भाइ दलजित् शाह अन्तिम समयसम्म पृथ्वीनारायण शाहका साथमा रहे। वंशराज पाँडे शत्रुका कैदमा परेपछि पृथ्वीनारायण शाहका मुख्य मन्त्रीको काम यिनैले गरेका थिए। यिनका त्याइतापट्टिका दाज्यू रणरुद्र शाहीले पनि निकै योग्यतापूर्वक काम गरी काठमाडौँमा अधिकार हुनुभन्दा अगाडि नै यस संसारलाई छोडेका थिए।

अरू भारादारमा कालु पाँडे मुख्य थिए। पृथ्वीनारायण शाहले जो महत्त्वपूर्ण काम गरेका थिए; त्यसको जग यिनैले बसालेका थिए। यी र शिवरामसिंह बस्न्यात लडाइँमा परेका हुनाले यिनीहरूका छोरा वंशराज पाँडे आदि र नाहरसिंह बस्न्यात आदिलाई पृथ्वीनारायण शाहले मुख्य भारादारमा राखेका थिए। अरू सर्दार वा सेनापतिहरूमा रामकृष्ण राणा मुख्य थिए। यीभन्दा पछि अमरसिंह थापा, स्वरूपसिंह कार्की आदि नौ दश जना सर्दार थिए। निजामती भारादारमा पृथ्वीनारायण शाहका गुरु श्रीहर्ष मिश्रज्यू र नरेन्द्रलक्ष्मीका गुरु जयमङ्गल पण्डितज्यू (पौड्याल) मुख्य थिए। पृथ्वीनारायण शाहभन्दा डेढ दुइ वर्षअगाडि यी दुवै जना परलोक भएका हुनाले यिनका छोरा गजराज मिश्रज्यू र व्रजनाथ पण्डितज्यूहरूले आफ्ना आफ्ना पिताको स्थान पाएका थिए। तेस्रा दर्जामा

पुरोहित महेश्वर अर्ज्याल थिए। धर्माधिकारी भएर हरिदत्त उपाध्याय रहेका थिए। परराष्ट्रसम्बन्धी काम पहिले खरीदार भानु अर्ज्याल र पछि यिनैका छोरा ख. बालकृष्ण अर्ज्यालले पाएका थिए। त्यहाँपछि खजाञ्ची शिवानन्द उपाध्याय (सापकोटा), कपर्दार मानसिंह बस्न्यात, राजपण्डित रामहृदय पाँडे, ज्योतिषी कुलानन्द ढकाल, वैद्य महेश्वर जोशी (उपाध्याय), पण्डित वेणुधर खनाल आदि राजसभामा रहेका थिए। यिनका समयमा पण्डित ललिताबल्लभ उपाध्याय एक कवि थिए; जसले यिनको जीवनचरित्र लेखेका छन्।

✲

## एक्काइसौँ परिच्छेद

# प्रतापसिंह शाह र राजेन्द्रलक्ष्मीदेवी गृहकलह र लमजुङ–तनहुँमा अधिकार

(ई. सं. १७७५–१७८५[१])

१। पृथ्वीनारायण शाहका छोराहरूमा युवराज प्रतापसिंह शाह भोगविलासमा मस्त भएर काठमाडौँमा रहने गरेका हुनाले राज्यको शासन चलाउन असमर्थ थिए। बहादुर शाहले १७।१८ वर्षकै उमेरमा शासनको योग्यता देखाएका हुनाले दलजित् शाहले यिनैलाई उत्तराधिकारी बनाउने प्रस्ताव पृथ्वीनारायण शाहसँग गरेका थिए। तर उनले मन्त्रीहरूको भर परी यो प्रस्ताव मञ्जूर नगर्दा प्रतापसिंह शाह नै उत्तराधिकारी निश्चित भएका थिए। पृथ्वीनारायण शाह परलोक भएपछि दाज्यूभाइ मिलिजुली पिताका नीतिनियममा चल्नू भनी नरेन्द्रलक्ष्मीले प्रतापसिंह शाहलाई राजमुकुट पहिराई चितामा चढेकी थिइन्। उसै दिन प्रतापसिंह शाह काठमाडौँमा आई बडो सजधजसँग राजसिंहासनमा बसेर व्रजनाथ पण्डितज्यूलाई मुख्यमन्त्री वा मुखत्यार बनाए। पाँडे र बस्न्यातहरूको मर्यादा तोडी स्वरूपसिंह कार्कीलाई काजी गराई मुख्य सेनापति बनाए (ई. सं.१७७५, ११ जनवरी)।[२] पिताको काजक्रिया सिद्ध्याएर फर्कनेबित्तिकै यिनीहरूले बहादुर शाहलाई काठमाडौँमा नजरबन्द गरी दलजित् शाहको सर्वस्व हरण गरे। महोद्दामकीर्ति शाह काठमाडौँमा आएपछि यिनलाई र पृथ्वीनारायण शाहका अरू भाइभतिजाहरूलाई समेत नेपाल राज्यबाट निकाला गरी मुगलानमा पठाइदिए। केही महीनापछि गजराज मिश्रज्यूका सिफारिशले मुगलानमा गएर बस्नू भनी बहादुर शाहलाई पनि छोडिदिए। ललितपुरबाट निकालिएका पादरी माइकेल एंजिलोका आश्रयमा बेतियामा गएर यिनीहरू बसे। व्रजनाथ पण्डितज्यूले अरू निजामती भारादारमा पनि धेरैलाई बदली आफ्ना अनुकूलको मन्त्रिमण्डल कायम गरे।

---

१. वि. सं. १८३१–१८४२। २. वि. सं. १८३१ माघ १ गते।

पृथ्वीनारायण शाहले राज्यस्थापना मात्र गर्न भ्याई यसलाई बढाउने काम उत्तराधिकारीहरूलाई छोडेका थिए। परन्तु यिनका नीतिलाई प्रतापसिंह शाह र व्रजनाथ पण्डितज्यूले तोडी छिमेकका पहाडी राजाहरूलाई तिम्रा रियासतमा दखल दिनेछैनौं भन्ने सूचना दिए। सुखिमका राजासँग पृथ्वीनारायण शाहले इलाम छुटाई सुलह गरेका थिए तापनि विश्वास नमानेर भोटका लामासरकारसँग सैनिक सहायता मागेका थिए, प्रतापसिंह शाहको सूचना पुगेपछि दङ्ग भएर बसे। (प्रतापसिंह शाहका समयमा गोरखालीले १७ पटक सुखिममा आक्रमण गर्दा त्यहाँका लाप्चा सेनापति देवा कार्वाङले प्रत्येक पटक जिती 'सत्रजित्' भन्ने नाम गोरखालीबाट पाएका थिए भन्ने कहानी सिकिम गजेटियरमा लेखिएको छ। तर यो कहानी गलत देखिन्छ।) पृथ्वीनारायण शाहले चौबीसी रियासतहरूमा आक्रमण गर्ने तयारी गरेको देखेर लमजुङदेखि प्युठानासम्मका राजाहरू थर्कमान भएका थिए, प्रतापसिंह शाहबाट युद्धबन्दको सूचना पाएपछि लामो सास फेरेर आनन्दित भए। यो सूचना पाउनेबित्तिकै परबतका राजा कीर्तिवम मल्लले वंशराज पाँडेलाई छोडिदिए। पृथ्वीनारायण शाहले यिनको खानगी यिनका भाइ–छोराहरूलाई वृत्तिका निमित्त दिइराखेका थिए। प्रतापसिंह शाहले यो खानगी स्वरूप कार्कीलाई दिएका र मानमर्यादा केही नमिलेको हुनाले वंशराज पाँडेले पनि नेपाल छोडी बेतियामा गएर त्यहाँका जमीनदार राजा वीरकिशोरसिंहका आश्रय लिए। यिनका माहिला भाइ रणशूर पाँडेले मामूली नोकरी पाए। यस हिसाबसँग केही साल पाँडेहरू मन्त्रिमण्डलबाट अलग भए।

२। भोटसँगको व्यापार बढाउनाका निमित्त पृथ्वीनारायण शाहले दिलोज्यान दिएका थिए। परन्तु जयप्रकाश मल्लका टकले बडो बाधा खडा गरिदिएको थियो। यी राजाले युद्धका निमित्त धन बढाउनालाई आफ्ना नेपाली रुपियाँका टकमा सस्ता धातु मिलाई चोखा टकका बराबरीमा चलाएका थिए। भोटका निमित्त मारिदिएका टक (काला मोहर)मा पनि भोटियाहरूसँग चोखा चाँदी लिएर चाँदी नफा भिकी सस्तो धातु मिसाइदिएका थिए। यी मिसाहा टक वा रुपियाँहरू मुगलानका व्यापारीहरूले मुगल रुपियाँसँग बराबरीमा नलिँदा पृथ्वीनारायण शाहले नेपालमा रहेका मिसाहा टकको चलन बन्द गराई शुद्ध चाँदीका आफ्ना टक चलाएका थिए। भोटमा रहेका मिसाहा टकको चलन बन्द गराउनलाई नमूनाका निमित्त चोखो चाँदीको एक हजार रुपियाँ पनि लाल गिरीका साथ भोटमा पठाएका थिए। यिनका साथ गएको व्यापारी टोली डिगर्चामा रहेका समयमा पृथ्वीनारायण शाहको देहान्त भएको थियो। यस विषयमा राजनैतिक सम्झौता गर्न आवश्यक देखेर भोटका लामासरकारले नेपालराज्यका प्रतिनिधिलाई बोलाए। प्रतापसिंह शाहले टकसारी भन्ने पदवी दिएर प्रतापसिंह नाम गरेका अर्का मानिसलाई व्यापारमन्त्री बनाएका थिए। यिनलाई र स्वरूप कार्कीका भाइ रूपनारायण कार्कीलाई भोटमा पठाई ई. सं. १७७५ का अगस्तका आखिरमा[३] एक सन्धिपत्र गरे। यसअनुसार भोटका निमित्त नेपालसरकारले शुद्ध चाँदीका टक ढालिदिने निधो भयो। प्रतापसिंह शाहको नाम छापिएका केही टक भोटमा पुगे। तर मिसाहा टक बन्द गर्ने विषयमा दुइ सरकारका बीचमा मतो नमिल्दा व्यापारको काम प्रायः बन्द नै रह्यो।

३। पृथ्वीनारायण शाहले सप्तरी र मोरङमा जमाएको दखल पाको गर्नाका निमित्त कलकत्तामा पठाएका

---

३. वि. सं. १८३२ को भाद्रका आधाआधीमा।

दीनानाथ उपाध्यायले चौदण्डीका भूतपूर्व राजा कर्ण सेनको र विजयपुरका भगुवा दीवान बुद्धिकर्ण रायको गतिविधि विचार गर्दै रायपुरमा पुगे । त्यहाँ रहेका मिष्टर पिकाकनामका अङ्ग्रेजसँग अगाडि नै भेट गरी कर्ण सेनले गोरखाली-लाई हटाई चौदण्डी र विजयपुरको रियासत मलाई फिर्ता गराइदिएमा विजयपुरमा इष्ट इण्डिया कम्पनीको व्यापारी कोठी थाप्न दिउँला; रियासतका आम्दानीको ५/८ भाग कम्पनीलाई दिलाएर ३/८ भाग मात्र म लिउँला भन्ने प्रस्ताव पेश गरेका थिए । यिनलाई पूरा भरोसा दिएर पिकाकले यो प्रस्ताव गभरनर जनरल वारेन् हेस्टिंग्जछेउ पठाएका थिए। यसको उत्तर नआउँदै दीनानाथ उपाध्याय त्यहाँ पुगे । यसै समयमा कर्ण सेन परलोक भए । पृथ्वीनारायण शाह परलोक भएको समाचार पनि तिनले त्यहीं पाए । कर्ण सेनकी विधवा रानीले आपना पाँच वर्षका बालक छोरालाई राजा गराएर यसै प्रस्तावबमोजिम काम गर्न अनुरोध पिकाकसँग गरिन् । यिनीहरूलाई लिएर पिकाक कलकत्तामा जाँदा साथसाथै दीनानाथ उपाध्याय पनि त्यहाँ पुगे । केही दिनपछि कर्ण सेनका बालक छोराको पनि त्यहीं देहान्त भयो । हुनता कर्ण सेनका अर्की रानीपट्टिका छोरा रिपुमर्दन सेनलाई लिएर बुद्धिकर्ण राय पनि त्यहाँ पुगेका थिए । तर वारेन् हेस्टिंग्जको इशारा पाई पिकाकले सेनहरूको पक्ष छोडेर दीनानाथ उपाध्यायलाई वारेन् हेस्टिंग्जसँग भेट र परिचय गराइदिए ।

यस समयमा इष्ट इण्डिया कम्पनीको र मरहट्टा राज्यसङ्घको भयङ्कर युद्ध चल्न लागेको थियो । यस अवस्थामा बलवान् हुँदै आएका गोरखालीसँग वारेन् हेस्टिंग्जले विरोध गर्न उचित नदेखी दीनानाथ उपाध्यायको बडो सत्कार गरे । यिनताक नागा वैरागी र संन्यासीहरूले कम्पनीका कोठीहरू लुटी उत्पात मच्चाएका थिए । कम्पनीका पुलीसहरू आउँदा यी लुटेराहरू सप्तरी र मोरङका तराईका जङ्गलमा लुक्थे । यो साल हरिद्वारमा कुम्भको मेला हुनाले त्यहाँबाट यी लुटेराहरूको बडो जमात आउने निश्चय थियो । वारेन् हेस्टिंग्जले अरू कौनै कुराको दावा नगरी यी लुटेराहरूलाई तराईमा पस्न नदिने अनुरोध नेपालसरकारसँग गरे । यसअनुसार निश्चित भयो । वारेन् हेस्टिंग्जसँग भेट गर्न नपाई बुद्धिकर्ण राय मोरङ्गका सीमानामा आएर अडिए । अभिमानसिंह बस्न्यातले सैनिक पठाएर तिनलाई पक्री विजयपुरमा ल्याएर कामदत्त सेनलाई मारेका अपराधमा प्राणदण्ड दिए । केही महीनापछि एक गोरखाली सैनिकका हातबाट रिपुमर्दन सेन पनि खतम भए । अभिमानसिंह बस्न्यातले ओडिया नदीदेखि पूर्वपट्टि संन्यासी–वैरागी लुटेराहरूलाई जान नदिई एकदम रोकी सारा तराईमा शान्ति स्थापना गरिदिए । यस कारणले तराईको आवादी बढ्न शुरू भयो । यस समयसम्म त्यहाँ थारू मात्र रहन्थे । जमीनदारी लिएर वा व्यापारको काम गर्नलाई मुगलानका थोरै बाजीहरू बसेका थिए । शान्ति स्थापना भएपछि कृषकका रूपमा बाजी र मुसलमानहरू आएर घरद्वार गर्न शुरू गरे ।

४। किराँतका उज्जण्ड स्वभाव भएका याकथुम्बा, याखा र खम्बूहरूलाई तहमा ल्याउने काममा रामकृष्ण राणाले र सप्तरी मोरङमा शान्ति स्थापना गर्ने काममा अभिमानसिंह बस्न्यातले बडो परिश्रम गरिरहेका समयमा काठमाडौंमा बसेर व्रजनाथ पण्डितज्यू र स्वरूपसिंह कार्कीले चैनको बाँसुरी बजाइरहेका थिए । यस समयमा तनहुँका राजा हरकुमारदत्त सेनले चुरेदेखि दक्षिणपट्टिका आपना जमीनदारीमा रहेका बाहिरी तराईमा कम्पनीसरकारको

अधिकार गराइदिए । हुनता यस तराईका उपर यिनका पुर्खाले नै मुगल–बादशाहको आधिपत्य गराइदिएका थिए । तैपनि गोरखालीकै जस्तो आँट गरेका भए आफ्नै रियासतमा थाम्न सक्तथे । यस तराईमा कम्पनीको अधिकार भएपछि चुरेका भञ्ज्याङसम्म अङ्ग्रेज आइपुगेका हुनाले चितौनका शिकारका धनी जङ्गलमा तिनीहरूको किस्त परिसकेको थियो । यस कारणले व्रजनाथ पण्डितज्यू पनि हडबडाएर चितौनमा अङ्ग्रेजहरू नउत्रंदै आफ्नो अधिकार गराउने प्रस्ताव प्रतापसिंह शाहका हजूरमा पेश गरे । यी आनन्दी महाराजले पनि त्यसलाई मञ्जूर गरिदिए ।

यिनले अभिमानसिंह बस्न्यात र रामकृष्ण राणालाई किराँतमा रहेका सैन्यका साथ चितौनमा आक्रमण गर्न झिकाए । इ. सं. १७७७ का[४] वर्षादमा यिनीहरू हात्तीमा सवार भई तराईको बाटो गरी उपरदाँग गढीतिर लागे । काठमाडौँका सैनिकहरू लिएर स्वरूपसिंह कार्की पनि पुगे । उर्लिरहेको कालीगण्डकीलाई तनहुँका सैन्यले पार गर्न नसक्ता त्यस गढीमा रहेका तनहुँका अफिसरले जुलाईका मध्यमा[५] आत्मसमर्पण गरे । चितौनमा पूरा अधिकार जमाई उपरदाँग गढीमा रक्षक भएर रामकृष्ण राणा बसे । स्वरूपसिंह कार्कीले काठमाडौँमा आएर ठूलो पुरस्कार पाए । हिउँद लाग्नेबित्तिकै किराँतमा आफ्नो रोब देखाउनाका निमित्त व्रजनाथ पण्डितज्यूको अनुमति लिई दौडाहा गर्न हिँडे । नवम्बरमा[६] विफरका व्यथाले ३० वर्षका उमेरमा प्रतापसिंह शाहको स्वर्गवास भयो ।

५। प्रतापसिंह शाहका महारानी राजेन्द्रलक्ष्मीपट्टि एक मात्र छोरा रणबहादुर शाह यस समयमा केवल२½ (अढाई) वर्षका थिए । अर्की ल्याइतापट्टि यीभन्दा कान्छा विदूर शाह जन्मेका र शेरबहादुर शाह गर्भमा थिए । राजेन्द्रलक्ष्मी र व्रजनाथ पण्डितज्यू मिली प्रतापसिंह शाह परलोक भएकै दिन रणबहादुर शाहलाई नेपालका राजसिंहासनमा राखे (ई. सं. १७७७ नवम्बर १७)[७] । राजेन्द्रलक्ष्मीलाई सती पोलेर राज्यको एक मात्र हर्ताकर्ता आफू बनूँला भन्ने व्रजनाथ पण्डितज्यूको अठोट थियो, तर यी महारानी झन् चलाक भएर प्रतापसिंह शाह नबच्ने देखिएपछि बहादुर शाहलाई झिकाउन सुटुक्क पत्र दौडाएकी थिइन् । व्रजनाथ पण्डितज्यूले यिनलाई सती जान कर गर्दा गजराज मिश्रज्यूले दुइ दिन अलमल्याए । तेश्रा दिन बहादुर शाह आई राजेन्द्रलक्ष्मीसँग मिलेर व्रजनाथ पण्डितज्यूलाई नजरबन्द गरी प्रतापसिंह शाहको काजक्रिया सिद्धचाई ती पण्डितज्यूलाई मुडेर नेपालराज्यबाट निकाला गरिदिए । यिनका पक्षमा रहेका सर्दार परशुराम थापा (तेस्रा) लाई काठमाडौँका जेलखानामा थुने । यो समाचार सुनेर विजयपुरबाट भागी स्वरूपसिंह कार्की मुगलानमा पुगे । राजेन्द्रलक्ष्मी र बहादुर शाह मिली निर्वासनमा रहेका पृथ्वीनारायण शाहका भाइभतिजाहरूलाई काठमाडौँमा झिकाए । परन्तु दलमर्दन शाहलाई बेतियाबाटै काशी जानू भन्ने आज्ञा पठाए ।

आरम्भमा भाउज्यू र देवरमा मिलाप भएर राजभवनभित्रको काम र निजामती कामको ऐभारा राजेन्द्रलक्ष्मीले लिइन्, युद्धसम्बन्धी र परराष्ट्रसम्बन्धी काममा बहादुर शाहलाई लगाइन् । यस समयमा यी राजकुमार केवल २१ वर्षका भए तापनि बडा बुद्धिमान् र साहसी थिए । चौबीसी र बाईसी रियासतहरूको परिस्थिति जान्नालाई अनेक गुप्तचर पठाए । प्रतापसिंह शाहका समयका खोसिएका भारादार अफिसरहरूलाई फेरि जागीरमा बहाल गराई

४. वि. सं. १८३४ का । ५ श्रावण लाग्नेबित्तिकै । ६ मार्गमा । ७. वि. सं. १८३४ मार्ग ६ गते ।

कम्पनीहरू थप्दै गएर युद्धका सामान सङ्ग्रह गर्न थाले । तर राजेन्द्रलक्ष्मीले यिनका उपर राज्य नै हडप गर्ने शङ्का गरी राजभवनमा नै नजरबन्द गरिदिइन् । पृथ्वीनारायण शाहका समयका एक योद्धा सर्वजित् रानालाई कज्याँई दिई हजुरिया मन्त्री गराइन् । गजराज मिश्रज्यूको सिफारिशले बहादुर शाहले चाँडै नै रिहाई पाए । तर सर्वजित् रानादेखि चिढिएका दलजित् शाह र श्रीहर्ष पन्थलाई मिलाई बहादुर शाहले ई. सं. १७७८ सितम्बरका शुरूमा[८] एक्कासि राजभवनमा घेरा दिए । सर्वजित् राना र अरू दुई जना कारिन्दालाई कत्तल गरी राजेन्द्रलक्ष्मीलाई नजरबन्दमा राखी राज्यको बागडोर आफ्ना हातमा लिए । बालक महाराज रणबहादुर शाह पनि राजेन्द्रलक्ष्मीका काखबाट छुटेर बहादुर शाहका हातमा आए ।

६। आफ्ना हातमा राज्यको बागडोर आउनेबित्तिकै बहादुर शाहले चौबीसी रियासतहरूमा अधिकार गर्ने अठोट गरी दलजित् शाहलाई सेनापति र श्रीहर्ष पन्थलाई तिनका नायब गराई ६ कम्पनी जति तालिमी सैनिक गोरखामा तयार राखे । लमजुङ र कास्कीका राजाहरूसँग मेल राखी तनहुँको बाटो गरी कालीगण्डकीसम्म अधिकार गर्ने पृथ्वीनारायण शाहका पुराना नीतिलाई पक्रेर त्यहाँका राजा हरकुमारदत्त सेनलाई सलैसँग नेपालराज्यका आश्रयमा ल्याउने यत्न गरे । तर यी राजाले नमान्दा दलजित् शाहलाई आक्रमण गर्न खटाए । यिनले तनहुँका अनेक ठानाहरू प्रायः बिना लडाईंले नै जिती राजधानी सुरसमेत दखल गरे (जनवरी १७७९)[९] । हरकुमारदत्त सेन भागेर पाल्पा पुगे । बहादुर शाहले राजेन्द्रलक्ष्मीलाई जबरजस्ती थुनेका हुनाले नेपालका भारदारको एक दल राजेन्द्रलक्ष्मीका पक्षमा खडा हुन लागेको थियो । यस कारण बहादुर शाहले तनहुँका रक्षालाई सरदार बली बानियाँलाई खटाई दलजित् शाहलाई काठमाडौंमा झिकाए ।

पाल्पाली राजा मुकुन्द सेन गोरखालीका शत्रु नै थिए । आफ्नी छोरी राजेन्द्रलक्ष्मी थुनिएपछि झन् शत्रु बनेका हुनाले आफ्ना भाइ शूरवीर सेनका साथ पाल्पाली सैनिक तनहुँमा पठाए । हरकुमारदत्त सेनका सहायतालाई परबतका राजा कीर्तिबम मल्लले पनि सैनिक पठाएका थिए । दुइतिरबाट शत्रुको आक्रमण हुँदा बली बानियाँले रामकृष्ण राणालाई पनि तनहुँमा बोलाए । बलीथुंका लडाईंमा बली बानियाँ खेत रहे । रामकृष्ण राणाले तनहुँ थाम्न कठिन देखेर गोरखाली सैन्यलाई गोरखामा ल्याए । उपरदाँगको गढी खाली पाएर हरकुमारदत्त सेन र शूरवीर सेनसमेत सैन्य लिएर गई चितौनको मालपोत उठाए । मकवानपुरमा आक्रमण गर्ने तिनीहरूको विचार थियो । तर तुरुन्तै बहादुर शाह गोरखामा पुगी रामकृष्ण राणा आदि सर्दार सैनिक पठाई उपरदाँगमा घेरा दिए । हरकुमारदत्त सेन र शूरवीर सेन भेष बदलेर भाग्दा अरू सैनिकलाई गोरखामा थुनी अरूलाई (अप्रिलमा)[१०] छोडिदिए ।

७। बहादुर शाहले नेपालराज्यको वृद्धि गराउनाका निमित्त राजेन्द्रलक्ष्मीलाई नजरबन्द गर्नुपर्दा एक झूटो अपराध लगाएका हुनाले अघिका चौतारा महोद्दामकीर्ति शाहले राजेन्द्रलक्ष्मीलाई यस अपराधबाट मुक्त गराउन तत्पर भए । महोद्दामकीर्ति शाहका छोरा काजी बलभद्र शाहलाई बहादुर शाहले मन्त्रीहरूमा मुख्य बनाएका हुनाले यिनी बहादुर शाहको बिगार गर्न चाहँदैनथे । यस कारणले यी पिता पुत्र मिली राजेन्द्रलक्ष्मीलाई छुटाई भाउज्यू र देवरमा

---

८. वि. सं. १८३५ भदौका आधाआधिमा । ९. वि. सं. १८३५ पुसको अन्त्यतिर । १०. वि. सं. १८३६ वैशाखतिर ।

मिलाप गराउने अठोट गरे । यस काममा बहादुर शाह पनि सहमत भई जूनका आखिरमा[11] राजेन्द्रलक्ष्मीलाई छोडिदिए । परन्तु भाउज्यू र देवरमा मेल हुन नसकी बहादुर शाह भागेर पटनामा गई बसे । दलजित् शाह र श्रीहर्ष पन्थ निकाला भए । सरदार शिवनारायण खत्री भागेर बहादुरशाहसँग मिल्न पुगे । थोरै दिनपछि एक ब्राह्मणलाई मारेका अपराधमा महोद्दामकीर्ति शाह निकाला भएर काशी गए । मुख्यमन्त्रीको काम बलभद्र शाहकै हातमा रह्यो । तर राजेन्द्रलक्ष्मीका सल्लाहकार टकसारी भीम खत्री र खजान्ची गर्भु खत्री बने । यसै समयमा बन्दु राना र देवदत्त थापा यी दुइ जना मगरलाई पनि काजी गराएर राजेन्द्रलक्ष्मीले मन्त्रिमण्डलमा ल्याइन् । यस तरहसँग काजीको संख्या बढ्दा यस पदको महत्त्व घटेर सरदारभन्दा अलिकति मात्र माथि रह्यो । नजरबन्दीबाट छुटेपछि राजेन्द्रलक्ष्मीले मर्दाना भेष लिएर जामा पगरी पहिरी, ढालतरवार भिरी, हात्ती घोडामा सवार भई निस्कन लागिन् । यस्तै भेषमा आफ्ना साथमा केटीहरूलाई पनि हिँडाउँथिन् ।

८ । मकवानपुरका बाहिरी तराईमा अचेलका रौतहट र वारा जिल्लाका सिमानामा उस समयमा तौतर र पचरौतीनामक दुइ परगनाका चौधरी अब्दुल्लावेग थिए । किन्लाक हटेर गएपछि पृथ्वीनारायण शाहको त्यस तराईमा अधिकार हुँदा ती परगना मकवानी राजा हेमकर्ण सेनबाट मैले जागीरमा पाएको हुँ भनी कम्पनीसरकारका राज्यमा मिल्न गए । प्रतापसिंह शाहका समयदेखि यस विषयमा कम्पनीसरकारसँग लेखापढी चल्दा दरभङ्गाका अङ्ग्रेज हाकिमले ती परगनामा नेपारसरकारको हक छैन भनी फैसला गरिदिँदा यसै विषयमा आफ्नो हक देखाउनाका निमित्त प्रमाण सङ्ग्रह गरी राजेन्द्रलक्ष्मीले ( वास्तवमा बलभद्र शाहले ) दीनानाथ उपाध्यायलाई राजदूत बनाएर कलकत्तामा पठाइन् । वारेन् हेस्टिंग्जले पटनामा गएर प्रमाण बुझी जवाफ दिउँला भनी कैयौँ महीनासम्म दीनानाथ उपाध्यायलाई कलकत्तामा रोकिराखे । यस समयमा कम्पनीसरकार र मरहट्टाराज्यसँगको घनघोरको युद्ध चलेको थियो । सुजाउद्दौला मरेपछि तिनका छोरा नवाब आसफुद्दौलासँग बनारसको इलाका कम्पनीसरकारले लिएका थिए । त्यहाँका राजा बलवन्तसिंह मरेपछि तिनका छोरा चेतसिंह राजा बनेका थिए । यिनको ढुकुटी लुटेर लिन भनी वारेन् हेस्टिंग्ज बनारस जाँदा दीनानाथ उपाध्याय पनि पछिपछि गएर पटनामा अडिए । यहीं वारेन् हेस्टिंग्जकी मुख्यानी पनि अडिएकी थिईन् ।

वारेन् हेस्टिंग्ज बनारसमा गएर चेतसिंहका उपर जोरजुलुम गर्दा यिनका सैनिक बागी भएर वारेन् हेस्टिंग्जका ४ कम्पनी सैनिकलाई काटी मारी खतम गरिदिँदा वारेन् हेस्टिंग्जले भाग्नु पर्‍यो (अगस्त १७८१) [12] ।

यो खबर सुनेर यिनकी मुख्यानीले दीनानाथ उपाध्यायसँग सहायता माग्दा मकवानपुरबाट ६ कम्पनी गोरखाली सैन्य लिएर काजी धोकलसिंह बस्न्यात र पारथ भण्डारी सीमानासम्म पुगे । यत्तिकैमा वारेन् हेस्टिंग्जले बनारसको विद्रोह दमन गरेको समाचार आउँदा गोरखाली सैनिक फिरे । तर नेपालसरकारले सहायता गर्न पठाएको गोरखाली सैनिकका उपर अङ्ग्रेजहरूले शङ्कापूर्ण नजर फिराएका थिए ।

---

११ वि. सं. १८३६ असारको मध्यतिर । १२. वि. सं. १८३८ श्रावणका अन्त्यतिर ।

९। बनारसमा वारेन् हेस्टिंग्ज विपत्तिमा पर्दा यिनकी मुख्यानीले चिरकालसम्म मित्रता रहनेछ भनी दीनानाथ उपाध्यायमार्फत नेपालसरकारसँग सहायता मागेकी थिइन् । पटनामा आएपछि तिनले दीनानाथ उपाध्यायसँग भेट गरी विहारप्रदेशका कागजपत्र हेर्दा नवाबी राज्यमा तौतर र पचरौती परगना कहिल्यै पनि रहेका देखेनन् । चेतसिंहको रियासत हडप गर्ने यी सज्जनले यस ञ्स्तालाई रद्दी भन्न पनि सक्दथे । तर मरहट्टा राज्यसङ्घसँग युद्ध चलिरहेको हुनाले यी साना दुइ परगानाका निमित्त नेपाल-सरकारसँग विरोध गर्न उचित नदेखी तथा आफ्नी मुख्यानीले गरेको प्रतिज्ञाका लेहाजले समेत ती परगनाहरूमा नेपाल-सरकारका अधिकारलाई मञ्जूर गरिदिए । तैपनि यसको सूचना पठाउन २ वर्ष ढिलाई ई. सं. १७८३ नवम्बर १४ मा[१३] पत्र लेखे । तिनमा नेपाल-सरकारको अधिकार भएपछि पनि अब्दुल्लावेगका उपर दया रहोस् भनी सिफारिस लेखेका थिए । तर एक वर्षपछि अब्दुल्लावेग मर्दा कलहको बीउ पनि खतम भयो । पर्सादेखि मोरङसम्मका ७ जिल्ला तराईमा नेपाल-सरकारको अधिकार गराउनामा र तौतर पचरौती फिर्ता लिनामा समेत दीनानाथ उपाध्यायले बडो योग्यता देखाएका हुन् ।

१०। बहादुर शाहले नेपाल छोडेपछि नेपालका राजवंशमा योग्य नेताको अभाव देखेर पाल्पाली राजा मुकुन्द सेनले तनहुँ मकवानपुर र विजयपुरका सेन रियासतहरू आफ्ना बन्धुहरूलाई फिर्ता दिलाई आफ्ना अधीनमा राख्ने सङ्कल्प गरे । यस काममा परबतका राजा कीर्तिबम मल्ल स्वयं तयार थिए । यिनीहरूले गोरखालीका आक्रमणको भय देखाई पश्चिमपट्टिका चौबीसी बाईसी राजाहरू जम्मैलाई र सुखिम-धर्माका राजाहरूलाई समेत नेपालमा आक्रमण गर्ने काममा सहायता मागेर गुप्त दूत पठाए । तनहुँका राजा हरकुमारदत्त सेन तराईका जमीनदारीमा रहेका र मकवानपुरका भूतपूर्व राजा दिग्बन्धन सेन परलोक भएपछि यिनका छोरा दर्पदलन सेन पनि हरकुमारदत्त सेनका साथमा पुगेका थिए । मुकुन्द सेनले यिनीहरूलाई दिलासा दिएर चौदण्डी विजयपुरका भूतपूर्व राजा कर्ण सेनकी विधवा रानीका धर्मपुत्र गराई आफ्ना छोरा ध्वजवीर सेनलाई मोरङका सीमानामा पठाए । नेपालबाट भागेका स्वरूपसिंह कार्कीलाई आफ्ना पक्षमा मिलाई कम्पनीसरकारसँग सहायता माग्न ध्वजवीर सेन कलकत्ता पुगे । मुकुन्द सेनले प्रत्यक्षमा राजेन्द्रलक्ष्मीसँग र बहादुर शाहसँग समेत राम्रो व्यवहार राखेका हुनाले २ वर्ष लगाएर यिनका गुप्त दूतहरूले गरेका दौडधूपको गन्ध पनि काठमाडौँमा आएको थिएन । ध्वजवीर सेन र स्वरूपसिंह कार्की कलकत्तामा पुगेको खबर दीनानाथ उपाध्यायबाट पाउँदा राजेन्द्रलक्ष्मी र बलभद्र शाह झस्के । तर कम्पनीसरकारबाट सहायता नमिल्ने देखेर ध्वजवीर सेनले आफ्नै बाहुबलले जित्ने उमेद गरी चतरा (मोरङ) का मठमा अखडा जमाए ।

पाल्पालीका यस आक्रमणदेखि राज्यको रक्षा गर्नाका निमित्त राजेन्द्रलक्ष्मीले निर्वासनमा रहेका दलमर्दन शाह र वंशराज पाँडेलाई बोलाइन् । यिनीहरूलाई विश्वास गराउनाका निमित्त वंशराजका भाइ दामोदर पाँडेलाई काजी गराइन् । यत्तिकैमा पाल्पाली सैन्य लिएर शूरवीर सेन तनहुँमा पसी सिजुंगमा अडिए । तनहुँका रक्षाका निमित्त एक कम्पनी गोरखाली सैनिक लिई सरदार रणसिंह शाही रहेका थिए । यिनले सिजुंगमा आक्रमण गर्दा घेरामा परी

---

१३. वि. सं. १८४० मार्ग २ गते ।

आत्मसमर्पण गरे र हतियार सौंपी फर्के (ई. सं. १७८२ जनवरी)[१४]। हरकुमारदत्त सेन सजधजसँग राजा भएर उपरदाङमा अधिकार गर्ने अठोटमा लागे। तर रामकृष्ण राणाले त्यो गढी बचाइराखे।

११। तनहुँमा शत्रुको अधिकार भएपछि पूर्वपट्टिका गढी गौंडामा रहेका सैनिकहरू काठमाडौंमा जम्मा गर्न लागेका समयमा परबत र लमजुङका सैनिकहरू गोरखाका सीमानाभित्र पसेर सिरानचोक निरका क्षिमरेकनामक गढीमा अधिकार जमाए। कीर्तिबम मल्ल स्याङ्जासम्म आई अरू चौबीसी राजाहरूका सैनिक पनि पठाउँदै गर्न लागे। यता बलभद्र शाहले अरू काजी सरदारहरूका साथ १० कम्पनी सैन्य लगेर सिरानचोकमा आड जमाए। तीन माइलका[१५] फरकमा तीन चार दिनसम्म दुइ थरीको ताकाताक रह्यो। आखिरमा चौबीसीहरूले गोरखालीका उपर आक्रमण गर्दा ४ हजार जति यी शत्रुसैनिक थिए तापनि २ सय जति पर्नेबित्तिकै भागाभाग गर्न थाले। गोरखाली सैनिकमा केवल १५ जना मात्र परे। यो लडाइँ ४ फरवरीका दिन[१६] भएको थियो। लडाइँमा विशेष हानि दुवै थरीको नभए तापनि यस हारले चौबीसी राजाहरूको मस्तो गल्यो। सिरानचोकका हारको खबर सुन्नेबित्तिकै सिजुङमा रहेका पाल्पाली सैनिक हटेर तनहुँ छोडिदिए। विजयपुरमा रहेका अमरसिंह थापाले एक कम्पनी सैनिक पठाई खतरामा रहेका ध्वजवीर सेन र उनका १८ जना आठपहरियाको एकै विहान गराइदिए। यसै हारका शोकमा मुकुन्द सेनले पनि यस लोकबाट विदा लिए। यिनका जेठा छोरा महादत्त सेन पाल्पाका राजा भए।

१२। सिरानचोकमा आक्रमण गर्दा लमजुङ परबत आदि चौबीसी राजाहरूसँग नमिली कास्कीका राजा सिद्धिनारायण शाह उदासीन रहेका थिए। यस कारणले सिरानचोकबाट हटेका परबतका सैनिकले कास्कीमा आक्रमण गरी राजधानी दखल गर्दा सिद्धिनारायण शाह काठमाडौंमा आएर गुहार माग्न लागे। यसै समयमा दलमर्दन शाह र वंशराज पाँडे पनि काठमाडौंमा आए। ध्वजवीर सेन खतम भएपछि मोरङतिर शान्ति कायम भएको हुनाले अमरसिंह थापालाई पनि राजेन्द्रलक्ष्मीले काठमाडौंमा डाकिन्। परबतका राजा कीर्तिबम मल्ल पोखरामा आएर डटिरहेका थिए। वीरमर्दन शाहका साथ लागेर हरकुमारदत्त सेन पनि लमजुङमा बसेर तनहुँको रैकर जमीन त्यहाँका रैतीलाई बन्धक दिएर धनसङ्ग्रह गरिरहेका थिए। यस अवस्थामा राजेन्द्रलक्ष्मीले भारादारहरूसँग सल्लाह लिई लमजुङमा पूरा दखल जमाउन र कास्कीको रियासत सिद्धिनारायण शाहलाई फिर्ता दिलाउने निश्चय गरिन्। पहिले अमरसिंह थापाले तनहुँमा उत्रँदा चौराली भन्ने विकट डाँडामा ठाना बारी कीर्तिबम मल्ल बसे। जुलाइमा[१७] एक दिन साँझको वेला पारी अमरसिंह थापाले एक्कासि आक्रमण गर्दा ती भागेर कालीगण्डकी पार भएर दम लिए।

सिद्धिनारायण शाहलाई कास्कीमा फेरि राजा गराई अमरसिंह थापाले पश्चिमपट्टिबाट लमजुङलाई घेरे। लमजुङमा आक्रमण गर्न दामोदर पाँडे पनि गइसकेका थिए। यिनले चेपेका किनाराका अनेक ठाना दखल गरी लिए। यो समाचार आएपछि काठमाडौंबाट दलमर्दन शाह, वंशराज पाँडे, जीव शाह (काजी) आदि सेनापतिहरूले २ हजार जति सैनिक लिएर मर्स्याङ्दीपट्टिबाट लमजुङका राजधानी ताकुं कोटमा आक्रमण गरे। मामूली मुकाबिला गरेर

१४. वि. सं. १८३८ पौषको अन्त्यतिर। १५. डेढ कोस जति। १६. वि. सं. १८३८ माघ २५ गते।
१७. वि. सं. १८३९ आषाढको अन्त्यमा।

वीरमर्दन शाह र हरकुमारदत्त सेनसमेत भागी मनाङको बाटो गरी भोटमा पसेर घुमी परबतमा उत्रे (अगस्त)[१८]। यस लडाइँमा पक्रिएर आएका भक्ति थापा पछि नेपालका नामी योद्धा बने।

१३। लमजुङ दखल भएपछि एक वर्षका बीचमा गण्डकीहरूका साँगु र बाटाघाटा मरमत गरी अरू चौबीसी रियासतहरूमा अधिकार गर्ने उद्योग चल्दा भारादारहरूमा मतभेद भई ई. सं. १७८३ का दिसम्बरमा[१९] वंशराज पाँडे राज्यबाट निकाला भए। पाल्पामा आक्रमण गर्ने काममा अभिमानसिंह बस्न्यात भर्ना भए। बलभद्र शाह परबतमा आक्रमण गर्न खटिए। यिनले जीत्र शाहका बदलामा नरु शाहलाई काजी गराई अरू काजी सरदारहरूका साथ कास्कीको बाटो गरी छ कम्पनी सैनिक लगेर बिनालडाईले नुवाकोट दखल गरे। त्यहाँका राजा अरिदमन शाह र पयुँका राजासमेत भागेर परबतमा पुग्दा तीन महीना जति बलभद्र शाहले नुवाकोट र पयुँका रियासत दखल गरी राखे (ई. सं. १७८४ मार्च–जून)[२०]। अभिमानसिंह बस्न्यातले ५ कम्पनी सैनिक लिएर तनहुँको बाटो गरी कान्द्राँग नजीनिरबाट कालीगण्डकी पार गरी बाङ्का मामूली लडाईंमा पाल्पाली सैनिकलाई हराएर राजधानी तानसेन जिती २ महीनासम्म अडिए (अप्रिल–जून)[२१]। त्यहाँका राजा महादत्त सेनले आफ्ना जहान सम्पत्ति र सैनिकहरू बुटबलमा लगी राखेर तानसेन खाली छोडिदिएका थिए। यस बीचमा परबतका राजा कीर्तिबम मल्लले चौबीसी राजाहरूको ठूलो सैन्य तयार गरी नुवाकोटमा रहेका गोरखाली सैन्यलाई खतम गरिदिने निश्चय गरे। सिद्धिनारायण शाहले पनि आफू गोरखालीका विरुद्ध भएको सूचना दिए। सतहुँका हारको याद गरी बलभद्र शाहले गोरखाली सैनिक हटाई तनहुँमा ल्याए। अभिमानसिंह बस्न्यातका साथ अमरसिंह थापा आदि अनेक सरदार पनि थिए। बलभद्र शाह हटेको खबर पाएपछि यिनीहरूले पनि रातमा तानसेन छोडी तनहुँमा आफ्ना सैनिक ल्याए। परबत, कास्की आदि चौबीसी राजाका सैनिकले लमजुङ फिर्ता लिने उद्योग गरे। जूनका आखिरमा[२२] त्यहाँ आक्रमण गर्दा मकैडाँडाका लडाईंमा बलभद्र शाहले हराइदिए।

मकैडाँडाबाट शत्रुहरू हटेर गए तापनि कीर्तिबम मल्लले चौबीसी राजाहरूको सङ्गठन बलियो गराउँदै ल्याएका हुनाले यो सङ्गठन तोड्ने विषयमा भारादारमा मतभेद हुंदा राजेन्द्रलक्ष्मीले कर्तव्यको निर्णय गर्न नसकी निर्वासनमा रहेका बहादुर शाह, दलजित् शाह, वंशराज पाँडे, स्वरूपसिंह कार्की, शिवनारायण खत्री आदिलाई काठमाडौँमा आदरपूर्वक बोलाइन्। बहादुर शाह नआउञ्ज्यालसम्म गोरखाली सैन्यको बडो भाग लमजुङ र तनहुँमा एक वर्षसम्म बेकार रह्यो।

★

---

१८. बि. सं. १८३९ श्रावणको अन्त्यमा। १९. वि. सं. १८४० पौषको मध्यमा। २०. बि. सं. १८४० चैत्रदेखि वि. सं. १८४१ आषाढतक। २१. बि. सं. १८४१ वैशाखदेखि आषाढसम्ममा। २२. वि. सं. १८४१ आषाढका अन्त्यतिर।

# विद्वच्छिरोमणि हेमराज शर्माद्वारा विरचित

# प्रथम महायुद्धको वर्णन

– दिनेशराज पन्त

विद्वच्छिरोमणि हेमराज शर्मा (वि. सं. १९३५–२०१०) ले वि. सं. १९६९ मा नेपाली व्याकरणविषयको पुस्तक चन्द्रिका प्रकाशित गरेको कुरा प्रसिद्ध छ। सोही पुस्तक र सोही पुस्तकको अनुसरण तथा संशोधन गरी लेखिएका अरू पुस्तकको आधारमा नै अहिले पनि नेपाली भाषाको लेखपढ चल्छ भन्ने कुरा सबैलाई थाहा छ।

आयुर्वेदसम्बन्धी प्राचीन ग्रन्थ काश्यपसंहिताको सम्पादन गरी विस्तृत उपोद्घातसहित वि. सं. १९९५ मा हेमराज शर्माद्वारा प्रकाश भएको छ।

यी दुइ ग्रन्थबाहेक हेमराज शर्माका अरू ग्रन्थ अहिलेसम्म बाहिर आउन सकेका छैनन्।

राहुल साङ्कृत्यायनले वि. सं. १९९३ मा प्रकाशित आफ्नो मेरी तिब्बत यात्रानामक पुस्तकमा यस्तो लेखेका छन्–

हमने जिस प्रमाणवार्तिक के भाष्य वार्तिकालङ्कार के दो परिच्छेदों को स–क्य मठ म देखा था उसका मूल नैपाल के महा विद्वान् राजगुरु श्रीहेमराज शर्मा को मिल गया है, यह हमें पहले ही मालूम था, और हमारे नैपाल के मार्ग से लौटने का एक कारण वस्तुतः यह भी था। राजगुरु से पत्र-व्यवहार पहले से भी था। दूसरे दिन भेंट करने के लिए एक पत्र लिख भेजा। तुरन्त ही उत्तर आया—

"भारतीभवनात्
कार्तिकशुक्लैकादश्याम्
(वि. सं. १९९१ मार्ग २ गते)

अयि प्रियमहाभाग।

मया भवत्प्रेषितं पत्रमवाप्तम्। भवदागमनवार्तां श्रुत्वा प्रमोदमनुभवति मे चेतः। श्वः प्रभातेऽतिथिसत्काराय सज्जो भविष्यति प्रेयान् चिरपरिचितो हेमराजः"

१८ नवम्बर (वि. सं. १९९१ मार्ग ३ गते) को सबसे पहले राजगुरु से ही भेंट करने का निश्चय किया। इधर-उधर की देखने की चीजों में तो दो-चार ही दिनों की आवश्यकता थी, लेकिन यह नहीं कहा जा सकता था कि प्रमाणवार्तिक के लिए कितना समय देना होगा। राजगुरु संस्कृत के गम्भीर विद्वान् हैं। उन्होंने व्याकरण, साहित्य, न्याय, मीमांसा सभी शास्त्रों को विधिवत् अध्ययन किया है।

बड ही विद्याव्यसनी हैं। ये सब बातें तो मुझे पहले से मालूम थीं, किन्तु इतने समीप से देखने से उनम कितने ही और अनमोल गुण मालूम हुए। उनकी नम्रता और विनय का आप अन्दाज नहीं लगा सकते, जब तक समाज और राज्य में उनके स्थान को न जान जायँ। राजगुरु का वंश चिर काल से गोर्खा राजवंश का गुरु होता आया है। वंश में प्रधान गुरु (बडे गुरु) के अधिकार पाने में अवशिष्ट व्यक्तियों में ज्येष्ट होने का ध्यान रक्खा जाता है, उसी तरह जैसे कि तीन सरकार के पद के लिए। राजगुरु के पूज्य पिता पहले प्रधान गुरु थे। आज–कल उनके अति वृद्ध चचा हैं, लेकिन वंश म अधिक विद्वान् होने के कारण पहले से राजकुल के यही सलाहकार रहे हैं। राजगुरु ने यद्यपि बचपन से संस्कृत–भाषा का ही अध्ययन किया है और वंश-क्रम से भी अनुमान यही हो सकता है कि उनके विचार आधुनिक प्रगति से बिलकुल शून्य होंगे। लेकिन बात ऐसी नहीं है। सभी प्रकार की विद्या के लिए उनमें अपार जिज्ञासा है। उनके पास अंगरेजी-हिन्दी के अनेक दैनिक, साप्ताहिक, मासिक पत्र आते हैं। संस्कृत के दुर्लभ हस्तलिखित ग्रंथों के अ तरिक्त छपे ग्रंथों का एक बृहत्संग्रह तो, है ही साथ ही अनेक विषयों पर हिन्दी और अंगरेजी के हजारों ग्रंथ आपने संग्रह किये हैं। उन्हें व्यावहारिक राजनीति का बहुत सूक्ष्म ज्ञान है, यह मुझे तब मालूम हुआ जब मैंने महायुद्ध के कारणों पर उनके १९१६ (वि. सं. १९७३) में लिखे एक अप्रकाशित निबंध को सुना। तिथि और मास दे देकर योरपीय शक्तियों के बलाबल की सुन्दर विवेचना करके उन्होंने उसे लिखा है। इन गुणों से उनका राजनैतिक प्रभाव भी अधिक होगा, यह स्पष्ट है।

(वि. सं. २०२९ मा प्रकाशित पूर्णिमा २८ अङ्कमा छापिएको पिताजी नयराज पन्तको गुरुज्यू हेमराजको विषयमा विदेशी विद्वान्हरूको विचार भन्ने निबन्ध, सो अङ्कका २३८–२३९ पृ.)

राहुल साङ्कृत्यायनको माथिको वर्णनबाट हेमराज शर्माले प्रथम महायुद्धको विषयमा सुन्दर निबन्ध लेखेका रहेछन् भन्ने थाहा हुन्छ। तर त्यो अहिलेसम्म बाहिर नआएकोले त्यसको विषयमा थाहा हुन सकेको थिएन। हेमराज शर्माले लेखेको सो निबन्ध हालै पाइएको छ। पाटनका श्रीभद्रराज शाक्यको सौजन्यबाट हामीले सो हेर्न पाएका हौं।

१७.६ अङ्गुल लम्बा, ११.४ अङ्गुल चौडा ठूलो कापीमा लेखिएको यो निबन्ध बलियो जिल्दमा बाँधिएको छ। सो कापीमा जम्मा ४८० पृष्ठ छन्। त्यसमा बीचबीचका १५६ पृष्ठ खाली छन्। बीचमा अरू ८ पृष्ठ थपिएका छन्। यसरी ४८०–१५६+८=३२४+८=३३२ पृष्ठमा यो निबन्ध लेखिएको छ। यी खाली पृष्ठ बीचबीचमा रहेका देखिएकाले ती ठाउँमा कुरा थप्नुपर्ने रचयिताको विचार देखिन्छ। कहीं कहीं त शीर्षक राखेर पनि वर्णन नलेखिएकोले रचयिताको यो विचार थियो भन्ने कुरा अरू बढी स्पष्ट हुन्छ। लेखिएका पृष्ठमा पनि कहीं-कहीं खाली राखिएको छ। कहीं कहीं चित्र टाँसिएको देखिएको र कहीं कहीं खाली राखिएको ठाउँमा वर्णनको प्रसङ्ग मिलेकोले त्यहाँ पनि वर्णनको लागि होइन कि, चित्रको लागि ठाउँ छोडिएको देखिन्छ। पृष्ठसङ्ख्या शुरु हुनुभन्दा पहिले रोमन अक्षरका प्रत्येक अक्षरलाई एक एक पत्र (२ पृष्ठ) दिइएको छ तथा त्यसपछि १ पत्र (२ पृष्ठ)

खाली राखिएको छ । प्रत्येक अक्षरको पत्रमा सूचीपत्र राखिएको छ । यी पृष्ठ ४८० पृष्ठभन्दा अतिरिक्त हुन् ।

हेमराज शर्माको यो निबन्ध इतिहासरसिकहरूका लागि रुचिकर होला भन्ने विचार गरी पूर्णिमामा यसलाई क्रमशः प्रकाशित गर्ने विचार गरिएको छ । त्यहाँ प्रतिलिपि गर्नेले जस्तो गरेका छन्, त्यस्तै गरी यहाँ दिइएको छ । हेमराज शर्मले ई. सं. लेखेको ठाउँमा टिप्पणीमा वि. सं. दिने काम गरिएको छ र त्यहाँ रोमन अक्षरमा शब्द लेखिएकोमा त्यसलाई देवनागरी अक्षरमा दिइएको छ । यो कुरा जहाँ जहाँ गरिएको छ, त्यहीं त्यहीं टिप्पणीद्वारा यो कुरा स्पष्ट पारिएको छ ।

## मङ्गलाचरणम्

सत्स्वातन्त्र्यतरुं निजोद्भवभुवः प्राणायितं प्रातिभै-
स्तन्त्रावापविशुद्धयोगविधिभिः संस्थाप्य निष्कम्पनम् ।
योमक्षेममयैरिदंफलरसै राष्ट्रस्य पुष्ट्या परं
मन्वानः कृतकृत्यतां नरमणिर्यद्भूति रस्मै नमः ॥१॥

---

टीका– निजोद्भवभुवः स्वजन्मभूमेः, प्राणायितं प्राणभूतं, सत्स्वातन्त्र्यतरुं लेशतोऽप्यपराधीनताएवतरुर्वृक्षस्तं, परप्रधानराष्ट्रानुरोधित्वे भूमेः स्वच्छन्दव्यापाराक्षमतया मृतप्रायतेति स्वातन्त्र्यमेव तत्प्राणायते । प्रातिभैः प्रतिभा प्रत्युत्पन्नमतित्वं, प्रज्ञा नवनवोन्मेषशालिनी प्रतिभा मतेति लक्षणात्, तद्भवैः । तन्त्रावापविशुद्धयोगविधिभिः तन्त्रं स्वराष्ट्रचिन्ता, आवापः परराष्ट्रचिन्ता, ताभ्यां विशुद्धैर्निर्दुष्टतामापन्नैः, योगविधिभिः योगानां सामाद्युपायानां विधिभिः प्रयोगैः, स्वराष्ट्रपरराष्ट्रदशाविचारपूर्वकं प्रयुक्तत्वेन समुचितैः सामाद्युपायैरित्यर्थः, । अन्यथा प्रयुक्तैः सामादिभिः स्वातन्त्र्यहानिसम्भवात् । वृक्षपक्षे– तन्त्रं वृक्षायुर्वेदादिविहितमौषधादि, आवाप आलवालं, विशुद्धयोगो निर्दुष्टवपुः स्थैर्यप्रयोगः, तेषां विधिभिः विधानैः, औषधादिदानेनालवालबन्धनेनान्येनच स्थैर्यप्रयोगेणेतियावत् ॥

"तन्त्रं स्वराष्ट्रचिन्तायामावापः परचिन्तने,
तन्त्रं कुटुम्बकृत्ये स्यात्सिद्धान्ते चौषधोत्तमे,
स्यादालवालमालापः,
योगोऽपूर्वार्थसम्प्राप्तौ सङ्गतिध्यानयुक्तिषु,
वपुःस्थैर्यप्रयोगेच" इति कोशाः ।

निष्कम्पनं निश्चलं दृढं यथास्यात्तथा संस्थाप्य सम्यक्स्थापयित्वा, मलदोहदौषधादिदानेनालवालबन्धनेन स्थैर्यविधानेनच वृक्षस्य यथाफलसमृद्ध्यनुकूलमतिदार्ढ्यं सम्पाद्यते, एवमेव स्वपरराष्ट्रविचारपूर्वकमवस्थानुसारेण प्रयुक्तैः सामादिभिः स्वराष्ट्रस्य पोषकं स्वातन्त्र्यं दृढीक्रियते इति भावः । एवं कृत्वा योगक्षेममयैः अलब्धस्यलाभोयोगः, लब्धस्य परिपालनं क्षेम, एतद्रूपैरिदंफलरसैः, अस्य स्वातन्त्र्यवृक्षस्य फलानां रसैः, राष्ट्रस्य निजभूमिमण्डलस्य, पुष्ट्या पोषणेन, परमत्यन्तं, कृतकृत्यतां कृतार्थतां, मन्वानः जानानः, स्वभूमेः स्वातन्त्र्यं संरक्ष्य तद्भवैर्योगक्षेमरूपफलरसैः

स्वराष्ट्रस्य पोषणमेव स्वकर्त्तव्यं मत्वा तत्संपादनेन स्वस्य कृतार्थतामनुभवन्निति यावत् । एवंभूतो नरमणिः नरश्रेष्ठः संसारभूषणमणिस्वरूपोवा । यस्य परमेश्वरस्य भूतिर्विभूतिरूपः, तस्मै परमेश्वरायनमः, तादृशस्य पुरुषोत्तमस्य वस्तुतः परमेश्वरांशत्वमायातम्, यद्यद्विभूतिमत्सत्वं श्रीमदूर्जितमेव वा, तत्तदेवावगच्छत्वं मम तेजोंशसम्भवमित्युक्तेः ॥ यः पुरुषः स्वार्थं तृणीकृत्य स्वबुद्धिबलेन स्वराष्ट्रपरराष्ट्रविचारपरिशुद्धसामादिप्रयोगेण स्वभूमेर्जीवनभूतं स्वातन्त्र्यं संरक्ष्य लब्धमविनाश्यनवनवलाभसम्पादनेन स्वराष्ट्रस्योन्नमनमेव स्वकर्तव्यं मत्वा तत्सम्पादनएव यतते एवंभूतः संसारभूषणभूतः पुरुषः परमेश्वरविभूतिरूपतया तद्वद्वन्दनीय इति निष्कृष्टार्थः ॥१॥

भावार्थ– बखतअनुसार बुद्धि खर्च गरी मल औषधी आलवाल (क्यारीचक्का) आदि उपायले वृक्षलाई मजबूत गराई त्यसबाट असल फल फलाई लोकलाई खुवाएभैं, आफ्नो मुलुक र आर्काका मुलुकको हालत विचार गरी मौका अनुसारको बुद्धिको बलले साम दान भेद दण्ड जहाँ जस्तो उपाय गर्नु पर्दछ त्यस्तो उपाय द्वारा आफ्ना जन्म भूमिको प्राणस्वरूप भएको सच्चा स्वातन्त्र्यरूपी वृक्षलाई हलचल नहुने गरी खूप मजबूत गराई, सो स्वातन्त्र्य वृक्षबाट योग र क्षेम रूप (अर्थात् अघि नभएको वस्तु पैदा गराउनु र पाइसकेको वस्तुको बचाउ गर्नु रूप) फल फलाई सो फलको रसले आफ्नो मुलुकलाई पोषेर बलवान् गराउनुनै मेरो जीवनको सफलता हो भनि त्यसैले आफुलाई कृतकृत्य संझने यस्ता पुरुषमध्यमा श्रेष्ठ सत्पुरुष जुन परमेश्वरका अंशरूप हुन् त्यस्ता परमेश्वरलाई नमस्कार छ ॥१॥

**अस्त्र ज्वाला वलीढ प्रतिबल पटल स्फार चीत्कार घोरं**
**संभाव्या नन्दमाद्य त्सहचर सुमनःस्तोत्र माधुर्य मिश्रम् ।**
**कारुण्योद्‌भूत शान्ति प्रियजन परिष त्सान्त्ववादप्रवाहं**
**कल्पान्त क्षोभकल्पं त्रिपुरविजयिनः स्तूयते युद्धनृत्यम् ॥२॥**

---

एकतः– अस्त्राणा माग्नेयादीनां ज्वालाभिरवलीढानां ग्रस्तानां प्रतिबलपटलानां शत्रुसैन्यसमूहानां, त्रिपुरासुरचमूमण्डलानामित्यर्थः। स्फारैर्भूरिभिः, चीत्कारैश्चीत्कारशब्दै रार्तनादैरिति यावत्। घोरं भयङ्करम् । अन्यतः सम्भाव्येन स्वस्वचित्ताशास्यमानेन, आनन्देन स्वपक्षविजयसुखेन, भाविस्वपक्षविजयकल्पनामयानन्देनेतियावत् । माद्यन्तः प्रहृष्यन्तो ये सहचराः पुरविजययुद्धे साहाय्यभाजः सुमनसो देवा स्तेषां स्तोत्राणां स्तुतिवचनानां माधुर्येण मधुरतया मिश्रं मिलितम्। परतः कारुण्येन अनन्तव्यक्तिविनाशदर्शन जातया करुणया, उद्भूतः शान्तिप्रियाणां सर्वलोकक्षेमेच्छूनां सिद्धसाध्यमुनिप्रभृतीनां जनानां परिषदोवर्गस्य सान्त्ववादस्य क्षम्यतां शाम्यतामित्याद्यनुनयवचनस्य, प्रवाहः प्रस्रवणं, नदीजलप्रवाहइव नैरन्तर्य्येण प्रवर्तमाना सामवचनपरम्परेतियावत् यस्मिन्नेवंभूतं । कल्पान्ते प्रलयकाले यः क्षोभ स्तुमुलीभाव स्तत्तुल्यं, त्रिपुरविजयिन स्त्रिपुरासुरसंहारप्रवृत्तस्य रुद्रस्य, युद्धनृत्यं नृत्यवदनायासक्रीडारूपं युद्धं स्तूयते प्रशस्यते ।

मार्मिकार्थस्तु–एकतोऽस्त्राणां वृहन्नालिका (वन्दुकतोप) दीनां ज्वालाभिराक्रान्तानां प्रतिबलपटलानां शत्रुवर्गाणां बहुलैरार्तनादै र्भयङ्करम्, अन्यतः– संभाव्येन स्वयमाशास्यमानेनानन्देन, स्वस्वपक्षविजयसुखेन माद्यतां सहचराणां सहप्रवृत्तानां मित्रवर्गाणां सुमनः स्तोत्रस्य प्रसन्नमनसाकृतस्य प्रशंसावचनस्य माधुर्येण मिश्रं मिलितम्, परतो वहुराष्ट्र-

संहारदर्शनोत्पन्न करुणयोद्भूतः शान्तिप्रियजनानां शान्तीच्छूनां राष्ट्राणां पुरुषाणाञ्च परिषदां समाजानां सान्त्ववादस्य युद्धनिवर्तनानुनयवचनस्य प्रवाहो यस्मिन्नेवं भूतम्, विश्वव्याप्ततयाऽनन्तजनक्षयकारितयाच प्रलयसंहारसदृशं त्रिपुरविजयिनः त्रिपुराणां शत्रुत्रयीराष्ट्राणां विजये प्रवृत्तस्य राष्ट्रस्य नृत्यवन्नानाव्यापाररूपं प्रकृतं विश्वव्यापि युद्धं भूतपूर्वयुद्धादेरप्यतिशयेन स्तूयते किंवा कीर्त्यते इति ।

निष्कृष्टार्थस्तु–त्रिपुरविजये एकतः शत्रुपुरदाहोद्भूतकरुणाक्रन्दकोलाहलेन रोमहर्षणम्, अन्यतो दुर्दान्तरिपुमर्दनप्रसन्नसुरगणस्तुतिवचनेन मनोहरम्, अपरतोऽसंख्यजनविनाशोत्पन्नकरुणापरमुनिप्रभृतीनां युद्धत्यागोद्बधनेन करुणमिति त्रिरूपं जगत्संहारावस्था समप्रचण्डं शिवस्य युद्धं यथास्माभिः प्रशस्यते, तथैवैकतो नानाविधास्त्रगुलिकादह्यमानशत्रुपुरहाहाकारेण भयङ्करम्, अन्यतः संभाव्यप्रबलशत्रुपराभवोन्मत्तसहयोगिमित्रराष्ट्राणां हर्षवचनेन मनोहरम्, परतो लोकक्षयनिवारेच्छुशान्तिसमित्याद्यनुनयकोलाहलेन करुणारूपमिति त्रिरूपं प्रलयक्षोभवद्विश्वव्यापिकोलाहलं त्रिपुररूपशत्रुत्रितयराष्ट्रविजये प्रवृत्तस्य मित्रत्रयीराष्ट्रस्य युद्धनृत्यं युद्धसम्बन्धिनीकथा, प्रस्तूयते इति ॥२॥

त्रिपुरासुरका विजयको मौकामा, एकातिर-अस्त्रबाट उठेका अग्निज्वालाले जल्न लागेका शत्रुको ठूलो हाहाकारले डरलाग्दो भएको, आर्कातिर-पछि हामी विजयको आनन्द पाउँने छौँ भनी मस्त भएका मदतकार देवताहरूको स्तुतिवचनको मीठासले मिसिएको, आर्कातिर-धेरैप्राणिको संहार देखेर करुणाले भएको सबको कल्याण चाहने सिद्धसाध्य ऋषिमुनिहरूका युद्धरोक्ने शान्तिको कोलाहलले भरिएको मानो प्रलयकालका संहारका बखतको बराबरै हलचल गराउने, यस्ता किसिमको त्रिपुरासुरसंहारमा प्रवृत्त भएका रुद्रले गरेका युद्धका खेलको स्तुति गरिन्छ.। अथवा एकातिर–अनेक अस्त्रशस्त्र गोला बारुदका आगाका ज्वालाले ध्वस्त हुन लागेका शत्रुदलको ठूलो हाहाकार सुन्दा डरलाग्दो, आर्कातिर-अबहामीलाई पछी शत्रुबाट दहसत् रहने छैन भनी पछि हुने आनन्दको कल्पना गरी मस्त भएका सहायता दिने मित्रवर्गका खुसी दिलले गरेका धन्यवादको मीठास मिलेको, अर्कोतर्फ–धेरै राष्ट्र र व्यक्तिको नोक्सानी हुन लागेको देखेर दयालु भएका शान्ति चाहने शान्तिवादीदलका शान्तिवादको हल्लाले भरिएको, मानो प्रलयकै बराबर हलचल भएको, यस किसमको शत्रुत्रिकूटको विजयमा तत्पर भएका राष्ट्रको अनेक दाउ पेच समेतको यो महायुद्धको खेल प्रशंसाको लायकछ अथवा त्यसको सम्बन्धमा केही लेखिन्छ. ॥२॥

★

# भूमिका

आष्ट्रियाका सपत्नीक साहज्यादा आर्चड्यूक फ्रान्सिस् फर्डिनेन्डको सेराजेवोमा २८ जून १९१४ सनमा[१] दगाबाजीले हत्या भएको सम्बन्धमा आष्ट्रियाको र सर्वियाको परस्परमा बातचित नमिली उठेको युद्धाग्निको झिलका जर्मनी, आष्ट्रिया र, रसिया, फ्रान्स, बृटिस, बेल्जियम, सर्विया, मान्टिनिग्रो, जस्ता यस्ता शक्तिमान् राष्ट्रहरूमा फैलिन गई झन्झन् लपेट्दै चारैतिरबाट डढेलो लागे जस्तो गरी लागी आउँदा त्यसको आँचमा दोस्त बृटिस सरकार प्रभृति धेरै राष्ट्र डढ्न लागेको अवस्थामा, आफ्नो मुलुकको हैसियतले शकेसम्मको हारगुहार भरोसा मद्दत दिई, सुखमा भैं दु:खमा पनी साथी होइदिनाले मित्रको दिलमा सच्चा मैत्रीको पक्का छापा लागी, अघिदेखिको बृटिस सरकार र नेपाल सरकारको बीचको दोस्तीको गाँठो झन् मजबूत र चिरस्थायी गराई, आफ्नो राष्ट्रको जगमा सिमेन्टको लेप गराउनाको निमित्त, पछिसम्मको विचार गरी महासङ्कष्टमा फसेका आफ्ना मित्र त्यति ठूला बृटिस सरकारलाई यस लडाईमा नेपालले जो शकेको सहायता दिने वचन हाम्रा नेपालका प्राणस्वरूप दूरदर्शी श्री ३ महाराज मेजर जनरल सर चन्द्रशंसेर जङ्गबहादुर राणा जि. सि. बि. जि. सि. यस्. आई; जि. सि. भि. ओ; आण्ड डि. सि. एल; आनरेरी कर्णेल फोर्थ गोर्खाज्, थोङ्लिन् पिम्मा को काङ् वाङ् स्यान् प्राइम्मिनिष्टर आण्ड मार्शलबाट बक्सेको र, सो वचन बक्सेअनुसार आफ्नो मुलुकलाई परिआउँदा पनी जसभन्दा बढता मदत हुन शकोइन त्यस्तो किसमको वखत-बखतमा तन मन धन जनले अमूल्य सहायता समेत बक्सेको हुनाले, त्यसले नेपालको इतिहासमा बहुतै चिरस्थायी, बहुतै लाभदायक प्रभाव नपारी छोड्नेछैन भन्ने यसकुरामा रत्तिभर पनी सन्देह छैन. यस्तो महायुद्धको विश्वयागमा थोरै पनी भाग मिल्नु कोही देश वा कोही जातिको निमित्त कम गौरवको कुरा होइन.

हुनत एकएक राज्य तर्फबाट लाखौं लाखौं फौजहरू युद्धस्थलमा उतारी लडाउन लागेका हुनाले र, कडोरन् रुपैंञाको रोजिन्दा खर्च हुने भएको हुनाले, त्यस्तो महायुद्धमा अकेलो एउटा ठुलै देशको सहायता पनी त तुच्छ प्रतीत हुँदोहो भने, हाम्रो यो सानो तिनो बबुरो नेपाल देशको जस्तै ठुलो सहायता भए पनी यसको के गिन्ती ? भन्ने कसै कसैको दिलमा होला. परन्तु हरेक वातको गौरव र लाघव उसको स्थूल परिमाणबाट हुन शक्तैन; देश काल पात्र शक्ति औ श्रद्धा पनी अवस्य हेर्नु पर्दछ. जस्तो एकै किसमको दान गर्दा लखपतिले हजार रुपैंया खर्च लगाई दान गरेकोमा र, १०० रुपैञा मात्र धन हुनेले ५० रुपैञा मात्र खर्च गरी दान गरेकोमा, कसको ठुलो दान होला ? हुनत सामान्य दृष्टिले हेर्दा दोस्रोले भन्दा पहिलोले २० दोबर बढता दान गऱ्यो ता पनी पहिलोले आफ्नो धनको सय खण्डको एक खण्ड खर्च गऱ्यो, दोस्रोले आफ्नो सर्वस्वको आधा खर्च गऱ्यो, यसमा धेरै दान गर्नेको दान ठूलो भन्न नभई:-

"ईश्वरा(१) भूरिदानेन यल्लभन्ते फलं किल ।
दरिद्रस्तच्च काकिण्या प्राप्नुयादितिनःश्रुतिः ॥१॥

---

(१) धनी मानिसले धेरै द्रव्य दान गरी पाइने फल गरीबले एक कौडी मात्र दान गरेर पनी पाउँछ. ॥१॥

एकां गां दशगुर्दद्याद्दश दद्याच्च गोशती ।
शतं सहस्रगुर्दद्या त्सर्वे तुल्यफला: स्मृता: ॥२॥"

इत्यादि वचन देखिनाले जस्तो दोस्रोको दान नै ठूलो भन्नु पर्दछ, त्यस्तै नेपालको यो सहायता पनी देश काल पात्र शक्ति अनुसार वहुतै ठुलो हो भन्नु पर्दछ. जस्तो जालमा परेर उम्कन नशकी घाँटीमा पाशो कसिँदै गएको सिंहलाई मित्र भएको सानो ववुरो मुसाले जाल काटिदिँदा सिंह उम्कन पाएको कथा प्रसिद्ध छ. त्यसमा पनी स्थूल परिमाणले विचार गर्दा जावो जाल काटेर मुसाले सिंहको त्यत्रो ठूलो काम गरेको केही देखिँदैन तापनी वास्तवमा त्यसले जाल काटी सिंहको जो उपकार गऱ्यो, त्यस वखतमा त्यस सिंहको परम उपकार गर्ने ठूलो वल भएकी सिंहीनी आएकी भए पनी सो काम त्यसवाट हुन शक्त नथ्यो, जस्तो जाल काटी जालमा परेको सिंहलाई उद्धार गर्नु मुसाको अत्यन्त ठूलो सहायता संझिएको छ, त्यस्तै सानो ववुरो यस नेपाल राज्यले पनी यस वखतमा त्यत्रा ठूला वृटिस सरकारलाई आपनो शक्यले भेटाए सम्मका कुराले गरेको सहायता पनी वहुतै ठूलो अमूल्य सहायता हुनाले कुनै मुलुकले गरेको सहायता भन्दा कम होइन भन्नुपर्दछ. किनकि–यस वखतमा वृटिस-साम्राज्यको सम्पूर्ण बल कूट–युद्धमा त्यस्तो महाउजण्ड बलवान् जर्मन जस्तो शत्रु सँग भिड्ने काममा लागी रहेको छ, सारा बल खर्च गरी लड्दा पनी शत्रु वरावर आपनो मुलुक तिर वढ्दै आई आफ्नो वरावर हार हुँदै गएकोले विजय (आफ्नो जीतबाजी) लाई अत्यन्त सन्देह भइरहेछ, चारै तिरबाट उत्पात र उपद्रवको वादलले घेर्दै ल्याएको छ, उस माथी पनी वृटिस-इण्डिया-को परिस्थिति वहुतै नाजुक अवस्थामा भइरहेको छ, त्यस्तो महासङ्कष्टको अवस्थामा श्री ३ महाराज चन्द्रशम्सेर जङ्ग वहादुर राणाका उपदेशको अनुसार यस नेपालले आफ्नो सारा वजन जो वृटिसगभर्नमेण्टलाई दिई पूरा सहायता गरी रहेछ, सो सहायताको महत्व निःसन्देह हजार गुना भएको देखिन्छ:

आफ्नो स्वार्थको एकदम पर्वाह नराखी जस्तो श्रद्धा र उत्सुकताले यो सहायता वृटिस सरकारलाई अर्पण गरेको छ, सो अर्पणको प्रभावले वृटिस पल्टनमा भर्ति भएका गोरखालीहरुवाट पनी वृटिसले जो पूरा पूरा मदत पाएका छन्, त्यसको ख्याल गरी हेर्दात यस सहायताको महत्व सीमाको अन्त सम्म पुगेको देखिन्छ. यस कुरामा खूव विचार गरेर हेर्नु, अर्थवाद र अतिशयोक्ति रत्तिभर पनी भरेको छैन.

जुन सेना सामग्री साक्षात् नेपालले हिन्दुस्थानमा पठाएको छ, त्यति मात्र नेपालको सहायता संझन हुँदैन कि, वरु खूद वृटिसगभर्नमेन्टको नोकरीमा रहेका र, वृटिस सेनामा र आर्मी वेयररकोर, मिलिटरी पुलिस, लेवरकोर-हरुमा भर्ती हुन जानालाई जति रिक्रुट नेपालवाट यस वखत पठाइएका छन्, ती सबै वास्तवमा नेपालको नै सहायता संझनु पर्दछ–प्रत्येक गोरखाली वीर नेपाल मातृ भूमिका छोरा हुन्, नेपाल सरकारका नै अनुरक्त प्रजा हुन्. श्री नेपाल सरकारका हुकुमले नै वृटिस सरकारलाई सहायता दिनाका निमित्त गएका हुन्. यस्ता शूर वीर नेपालका सपूत छोराहरु फ्रान्समा र अरु द्वीप द्वीपान्तरमा पनी गई भयङ्कर रणक्षेत्रमा आपनो अद्‌भुत शूरताको बिकासले भारत वर्षको प्राचीन प्रतापको स्मरण गराउँदै आफ्ना ताजा रगतका धाराले गोरखालीको वीरताको चिरकालसम्म

---

दश गाई हुनेले एक गाई, शय गाई हुनेले दश गाई, हजार गाई हुनेले शय गाई दान गर्नु वरावर फल हुन्छ ॥२॥

रहने चित्र खडा गरी युरोपलाई समेत आश्चर्य देखाई रहेकोले र, यस वखतमा नेपाल र वृटिसले एक फाल जोरी रहेको हुनाले तिनीहरूको जीतवाजीले नेपालको जय हुने, तिनीहरूको पराजयले नेपालको पराजय हुने हुनाले परमेश्वरको कृपाले यस लडाइको जस्तो फल परिपाक होला अवश्य त्यसको परिणाम पनी यस नेपालले उस्तै स्वरूपसँग भोग्नुपर्ने देखिएको हुनाले पनी यसो विचार गरी हेर्दा यो युद्ध त आपनै युद्ध जस्तो प्रतीत हुन्छ.

नेपालले गरेको यस वखतको यो सहायतावाट केवल वृटिसगभर्नमेन्टलाई मात्र फाइदा होइन कि–वेमौकाको अनावश्यक अशान्तिवाट हिन्दुस्थानको पनी रक्षा भएको संझनु पर्दछ. त्यसैले नेपालको यो व्यवहार मैत्रीधर्मको प्रतिपालनको उत्तम निर्मल उदाहरण हो भन्न शकिन्छ.

अधर्मको अन्यायको अशान्तिको ठूलो तोफान आई उर्लन लागेको आपत्तिको समुद्रमा डुब्न लागेको संसारको नाउलाई किनारा लगाउनाका निमित्त हार गुहार मदत गरिदिने यो ठूलो काममा जस्तो आफ्नो आपनो वल लगाई वृटिसहरूले वहुँना खियाउन लागी रहेका छन्, त्यस्तै श्री ३ महाराजवाट पनी आफ्नो नेपालको पूरा वल लगाई आफ्नो अगाध वुद्धि र चतुराइले आफूवाटै एउटा वहुँना खिआउने परिश्रम उठाइवक्सेको हुनाले जति जति लडाइँको स्वरूप र परिणाम खुल्दै जाला उति उति यस परिश्रमको फल निकासी नेपालका भाग्यको निर्णय गराइवक्सेको पनी केही काल वाद सवैलाई मालुम हुन्यै छ. उद्योगले नै सवै कुरा हुन्छ, गरेको उद्योगवाट कार्य सफल भएन भने कसैलाई पनी दोष दिनु मुनासीव छैन, अहा ? क्या राम्रो यही आशयको कविको एक श्लोक छः–

"(१) उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मी दैवेन देयमिति कापुरुषा वदन्ति ।
दैवं निहत्य कुरु पौरुषमात्मशक्त्या यत्ने कृते यदि नसिद्ध्यति कोत्र दोषः॥"

यसै कारणले यो महायुद्धमा श्री ३ महाराजको आज्ञानुसार नेपालले के के काम गरेको थियो, यसको पूरा प्रामाणिक एउटा कोही निवन्ध लेख्तै गएको पक्षमा खाली प्रीतिकर मात्र होला भन्ने होइन कि, परिणाममा यसवाट केही फाइदा पनी निस्कला भन्ने लाग्दछ.

यस मदतको यथार्थ ज्ञान यस वखतमा पनी वहुतै कम मानिसलाई मात्र होला, केही काल वाद यति पनी रहन मुस्कील हुने देखेको हुनाले र, वखत वखतमा भएको कुरा विधिपूर्वक नलेख्नाले आफ्नो राज्य र देशले गरेका विचित्र घटनाहरू र अद्भुत पराक्रमको यस्तो उज्वल काम पनी दन्तकथा जस्तो अँध्यारो कुनामा रही केही काल वाद विर्सिंदै गई हराउँदै जाने सम्भव देखिनाले पनी यो निवन्ध लेख्नेकाम वहुतै आवश्यक पनी मालुम हुन्छ.

आफ्नो स्वार्थ र सुख एकदम परित्याग गरी श्री ३ महाराजवाट हिंढाइवक्सेको वाटोवाट यस नेपालले आपना लाखौं प्यारा छोरा युद्धमा अर्पण गर्नालाई आफ्नो काखवाट विदेशमा पठाई रहेको छ, युद्धको काममा र अरू भिन्न

(१) उद्योगी मानिसलाई लक्ष्मी मिल्दछ, भाग्यैले लक्ष्मी पाइन्छ भन्ने कुरा खराब मानिसको उक्ति हो, दैवको वास्ता नराखी शकेसम्म उद्योग गर्नु पर्दछ. यसरी उद्योग गर्दा पनी हुदैन भने यसमा के दोष छ.

भिन्न काममा पनी हजारौं वीर सेना र सेनापतिहरूले कस्तो कस्तो सङ्कष्ट उठाउनु परि रहेछ, कतिको शरीर क्षत-विक्षत भई रहेका छन्, कति मृत्युको वसमा परिशकेका छन्, कति वीरले आपनो प्यारो प्राणलाई वाजीलगाएर युद्धमा अद्भुत शूरता देखाएर आपनो देश र जातिको यश र गौरव वढाइरहेका छन्, आफैले पनी कस्तो नाम कमाई रहेका छन्, त्यस्तो प्रशंसा गर्न लायकको जुन कामले श्री ३ महाराजवाट आपनो यस मुलुकको परिवर्धन र संरक्षण गर्न लागी वक्सेको छ. त्यस्तो कामको यथार्थ वर्णन गर्नु अत्यन्त आवश्यक पनी छ.

वखत वखतमा आफ्नो देश र राजाले प्रशंसा लायकको जुन काम गरेको छ, त्यसको वृत्तान्त नलेखेरजानाले पछी इतिहासनै हराउने हुन्छ. त्यस्तो इतिहास हराउनु क्याहो कि पहिले पहिलेका राजा महाराजाले गरेको नैतिक अनुभवै गुमाउनु हो. त्यस्तो नैतिक अनुभव गुमाउनाले पछिकालाई काम गर्ने मार्ग वन्द भए जस्तो हुन्छ. किनकि–उसैले अघिअघि अनुभव गरेका सानै कुरा पनी केवल स्मरणशक्तिकै भरमा छोड्दा केही कालमा बिर्सिँदै गई पछि त्यसवाट हुनुपर्ने पूरा मद्दत हुन शक्तैन भने, एउटाले अघि अघि अनुभव गरेका ठूल्ठूला धेरै कुरा लेखी नराखे कालान्तरमा लोप हुँदै गई पछि पछिकालाई त्यसवाट केही शिक्षा अथवा सहायता मिल्नै शक्तैन. जुन ठाँउवाट अघिका पीढीका पुरुषहरूले आरम्भ गरेका थिए, पछीका हरेक पीढीका जवानले पनी फेरी उही पहिलेकै ठाउँवाट आरम्भ गर्नुपर्ने हुन आउँछ. अघिका पीढीका पुरुषहरू जहाँ सम्म पुगी छोडेका थिए, त्यहाँवाट आरम्भ गर्ने सौभाग्य तिनीहरूलाई रहनै शक्तैन. अघि १९१४ सालको लखनौको लडाइमा हाम्रो फौज जाँदा भएका कुराको पूरा पूरा वर्णन लेखिएको किताव भई अैले वाटो देखाइदिने भएको भए हामीलाई त्यही वाटोबाट हिड्न कस्तो सजिलो हुन्थ्यो. कोही कोही कुराको डोरेटोसम्म देखाउने १/२ किताव पाइएको हुनाले त्यसबाट केही मदत भयो तापनी राम्रो नपाएको हुनाले नयाँ वाटो वनाउँदै जाँदा कहीं पहिरो कहीं नदी इत्यादिको रोकावट्ले कतिठाममा रोकिनु पऱ्यो. यसैले आफ्नो देशको र राज्यको यस्तो असल वृत्तान्त वखत वखतमा लेखी राखी संरक्षण गर्नु वहुतै असल छ. यस्तो लेखेको इतिहास प्रकाश गर्न योग्य नभए वरु संरक्षण गरी प्राइभेट् आफिसमा राख्नु वढिया छ. यदि आफूले गरेको पुरानो युद्धको, विशेष गरेर आष्ट्रिया सँगको १८६६ सन्को[२] र, फ्रान्स सँगको १८७० सन्को[३] आक्रमणको ऐतिहासिक अनुभव जर्मनीलाई मार्ग देखाउने नभएको भए, यस वखतमा यस्तो अद्भुत तयारी जर्मनीले के गर्न शक्थे ? यस्तै नेपोलियन् वोनापार्टको साथको घमासान युद्धको इतिहास वखत वखतमा अंग्रेजलाई शिक्षा र समाश्वासन दिनालाई उपस्थित नभएको भए, यस्तो मित्रमण्डलको जमात वाँधेर कम्वर कसी धैर्यका साथ जर्मनीको अगाडी सर्न के अंग्रेज शक्थे ? यथार्थमा यस महायुद्धमा सव प्रधान प्रधान लडाका राष्ट्रहरूले सैन्य जम्मा गर्ने, सैन्य चलाउने, औ आक्रमण (धावा) गर्ने, आर्काले गरेको आक्रमणलाई रोक्ने, इत्यादि रीतिहरूमा धेरै जसो आपनो आपनो ऐतिहासिक सम्प्रदायको अनुसार ही भएको देखिन्छ. वरु यति मात्र किन, शान्तिको समयको नीतिमा पनी जति ज्यादा भित्र सम्म घुसेर हेऱ्यो उति उति शिक्षा, उद्योग, वाणिज्य, जहाज, सेना आदि सव विषयमा केहीनकेही सम्प्रदायैलाई अगाडी लगाई हिंडेको देखिन्छ.

हो, सम्प्रदाय मूल भए पनी सँधै त्यही अनुसार चलेर पनी काम चल्न शक्तैन. आवश्यकताको अनुसार काल अवस्था हेरी बराबर त्यसलाई अदल बदल गर्दै जानुपर्दछ. त्यसैले आफूलाई वखतमा बाटो देखाउने हुन्छ. हुनत जसबाट भूल भनेको हुँदै हुँदै न, अथवा जसको परिस्थितिमा केही पनी अन्तर पर्दैन, त्यस्तो जाति र देश त कहाँ पाइएला. त्यसैले प्रत्येक देशको इतिहासमा असल र कमसल कुरा त अवश्यै रहन्छ. औ धेरै थोरै उलट पलट गर्नै पर्ने पनी हुन्छ, तर खराब र असल दुबै किसमको इतिहासबाट र अनुभवबाट शिक्षा मिल्न शक्ने हुनाले त्यस्तो हानि गर्ने कुरालाई परित्याग गरी, असल कुरालाई लिँदै जानुपर्दछ. त्यसो भए अनुभव पछीसम्म कायमै रहन शक्ने हुन्छ.

वखत वखतका लेखकहरूले आपनो देशको इतिहासको सङ्ग्रह गरी त्यसको मनन र मथन गर्दै बराबर व्यवहारको कसीमा परीक्षा गर्दै पनी रहनु पर्दछ.

हो, इतिहास लेख्ने काम सहजै हुन शक्ने कुरा होइन, यो लेख्नालाई वहुतै परिश्रम गर्नु पर्दछ, समाप्ति गर्नालाई असाधारण निःस्वार्थता र उदारताको आवश्यकता हुन्छ, यहाँतक कि धन मान आदि आनुषङ्गिक फलबाट पनी निरपेक्ष भएर काम गर्नु पर्दछ.

इतिहास लेख्ने पद्धति लेख्ने मानिसको अधिकारमा रहने हुनाले घटिबढी जस्तो पनी गर्न शक्छ तापनी त्यस्तो गरी पूरापूरा साँचो इतिहास नलेखी थपघट गर्नु उन्नतिको जडमा विष हाल्नु जस्तो मात्र हुन आउने हुनाले लेखकले आपनो राजा देश जातिमा अचल अनुराग राखी तिनीहरूको भविष्यत्मा पनी भलाइ चिन्तना गरी इतिहास लेख्नु पर्दछ.

इतिहासको लेख उपन्यास र काव्यको जत्तिको मनोरञ्जक हुदैन तापनी, इतिहासले पहिलेको अनुभव हृदयमा झल्काएर देश काल पात्र शक्ति अवस्था अनुसार पछि काम गर्नालाई एक किसमको बाटो देखाई शिक्षा दिने हुन्छ. जस्तो १९६२ सालमा चितौनमा सिकार खेल्नालाई वेलायतका साहज्यादा आउने भएका हुनाले त्यस वखतमा भएका बन्दोबस्तको किताब सरदार छबिलालले लेखी जङ्गी अडामा राखेका हुनाले पछी १९६८ सालमा इङ्गलेण्डका किङ्ग हिन्दुस्थानका बादसाह पञ्चम जार्ज नेपालको तराइ चितौनमा पाहुना भई सिकार खेल्न आउने हुनुभएको मा, अघिको ६२ सालको बन्दोबस्तभन्दा हरेक कुरामा धेरै बन्दोबस्त गर्नु परेको थियो ता पनी सो ६२ सालको किताबले हामीहरूलाई बाटो देखाइदिएको हुनाले काम गर्नालाई वहुतै मदत हुन गयो. त्यस्तै यसबाट पनी पछिका कसैलाई बाटो देखाउने काम सम्ममा मदत गर्‍यो भने पनी वहुतै उपकार गरेको सम्झनुपर्दछ. पछी पछीकाले काम गर्नु पर्दा त्यस विषयमा अगाडी अगाडी देखि भइरहेका कुराको अनुभव गरी काम गर्दा जत्तिको तिनिहरूलाई काम गर्न सुविस्ता होला, त्यत्तिको अरु कुनै तरहबाट हुन शक्नेछैन भन्ने दृढ विश्वास छ.

असल बाटो देखाउने हाम्रा वेद रामायण महाभारत पुराण आदि इतिहास भएकै हुनाले पछी पछीको नयाँ इतिहास लेख्नाको केही आवश्यकता छैन भनी कोहीकोही मानिसहरू भन्दछन्. परन्तु बराबर अदलबदल हुँदै गएको परिवर्तनशील यस जगत्मा सयकडौं हजारौं वर्ष पहिलेका ग्रन्थहरूबाट वर्तमान कालको व्यवहार चलाउनालाई पर्याप्त संम्झनु सारै असंभव जस्तो लाग्दछ. के लोकमा, के शास्त्र पुराणहरूमा, निरन्तर काल व्यवस्था अनुसार

व्यवसायको चरखा बराबर नचलाई कामै चल्न सक्तैन. जस्तो यसमा फरक छ, त्यस्तै अरू देशको इतिहासले पनि आफ्नो देशको पूरा काम चल्न नशक्ने हुनाले आफ्नो देशको यस्तो इतिहास बखत बखतमा लेखी राख्नु बहुतै आवश्यक छ.

परन्तु इतिहासको मुख्य गुण सत्यता हो. काव्यको आत्मा रस हो भने इतिहासको आत्मा सत्यता वास्तविकता अथवा याथातथ्यहो. त्यसैले त्यस्तै सच्चा इतिहास बाट अमूल्य सहायता मिल्न शक्तछ. इतिहासमा असत्यता घुस्नालाई धेरै द्वार देखिन्छन्. भ्रम प्रमाद अज्ञानबाट जस्तो असत्यता घुस्त छ, त्यस्तै व्यक्तिगत र जातीय दंभ राग द्वेष रसिकताबाट पनी घुस्तछ. जुन लेखकले इतिहासको दूधमा असत्यताको विष मिलाइ दिन्छ. त्यसले आफ्ना राजा देश र जातिको अपरिमित हानि नपुऱ्याई छोड्नेछैन. त्यसैले इतिहासमा केही किसमबाट पनी असत्यता घुस्न नदिने यत्न लेखकले गर्नुपर्दछ. परन्तु इतिहास बहुधा काव्यको ढाँचा सँग लेख्ने हाम्रो यहाँको एक प्राचीन परिपाटी छ, जसबाट एक प्रकारले बेमालुम सँग सहजै यो अपराध होइजान्छ. त्यो परिपाटीले इतिहास मनोरञ्जक अवश्य हुन्छ, परन्तु श्लेष अतिशयोक्ति आदि अलङ्कारहरूले रँगाई काव्यको ढाँचाको साँचोमा इतिहासलाई ढालिदिँदा त्यसको यहाँ सम्मको उलटपलट हुन्छ कि, संदिग्ध र अविश्वसनीय भई उसको विषयको वास्तविक उपयोगिताको नाशै होइजान्छ. वास्तवमा काव्यको प्रयोजन आर्कै हुन्छ. इतिहासको प्रयोजन आर्कै हुन्छ. काव्यमा सत्यताको मात्रा धेरै कृत्रिम हुन्छ. साहित्यको नियमको अनुसारले मात्र टेवा दिएको हुन्छ. इतिहासको सत्यता वास्तविक र, व्यवहार सँग बराबर मिल्दै जाने हुनुपर्दछ. यसैले यी दुइवटाको मार्ग बेग्लै बेग्लै हुन्छ. काव्यमा कल्पना प्रधान भए, इतिहासमा अन्वेषण (खोजी गर्नु) को नै प्रधानता देखिन्छ. अर्थात् गिदी खर्च गर्नुपर्ने काम दुवैमा एकै भए पनी इतिहासमा वस्तु सङ्ग्रह गर्नालाई परिश्रम ज्यादा गर्नुपर्दछ. फेरी त्यसको परीक्षा गर्नालाई निर्णयशक्ति र, कार्य कारण भावको जाल बुझ्नालाई विवेकशक्तिको पनि अत्यन्त आवश्यकता छ. त्यसैले इतिहास लेख्नु साधारण कुरा होइन. परन्तु यस लेखकले काव्यमा जस्तो इतिहासमा असत्यता घुस्न नदिई जहाँसम्म हुन शक्तछ रोकेको छ तापनी केही काव्यको ढाँचा सँग इतिहासलाई अलङ्कार नपहिराइ दिए अरूको इतिहाससँग कहिले दाँजिनुपर्दा गँवैया स्वास्नी जस्ती छोछी डुडुरमा पर्ला भन्ने हिसाबले र, नुन नहालेको दाल खाए जस्तो बेस्वादको होला भन्ने हिसाबले मात्र कहीं कहीं अलङ्कार पहिराइदिएको हूँला. परन्तु त्यति सम्म गर्दा पनी मबाट केही अपराध हुन गएको भए वाचकले क्षमा राख्नु योग्य छ. ॥

वृटिस सरकार पनी यो महायुद्धमा फसेको खबर सुनिबक्सने बित्तिकै हाम्रा प्रभु श्री ३ महाराजबाट वृटिस गभर्नमेण्टलाई आफ्ना मुलुकको हैसियतले भेटाएसम्म सब प्रकारले सहायता दिने वचन बक्सेपछी. आफ्नो नेपालमा रहेको सेना हिन्दुस्थानमा पठाउनु परे जस बेलामा भए पनी पठाउन शकिने गरी सबै तरहबाट मयसामानको सेना तयारी रही रहोस्, यो सबै बन्दोबस्त गर्नु भन्ने हुकुम भई, जङ्गी बन्दोवस्तमा वारअफिस पनी खोलिबक्सी, त्यहीँको कामगर्नालाई यस लेखकलाई पनी खटाइबक्सियो. यस लेखक उपर यस्तो परम अनुग्रह नगरिबक्सेको भए यसले पनी यो काममा कहिले पनी हात हाल्न र, आवश्यक सामग्री जोड्ने यस्तो अनुपम अवसर पनी पाउन

शक्तैनथ्यो, श्री ३ महाराजको आज्ञा पाई यस्तो मुलुक सम्बन्धीको काम गर्न पाइएको हुनाले र, जसमा काम गर्दा गर्दा जस्तो जस्तो अनुभवमा चढेको थियो वा, जस्तो जस्तो काम गरिएको थियो, त्यसको फोट् जस्तो यो लेख किताबमा उतार्न पाएको हुनाले आफ्नो जन्म सुफल भएको संझी बहुतै कृतज्ञता प्रकाश गर्दछु.

बाहिरबाट हेर्ने मानिसलाई युद्धको सामग्री जोड्नु युद्ध गर्नु एककिसमको तमासा र खेलबाडी जस्तो प्रतीत भए पनी, जो वार आफिसका कार्यमा खटिएका छन्, तिनीहरूको निमित्त निःसन्देह जीवन मरणको बाजी नै छ भने पनी हुन्छ. त्यो काम कस्तो सावधानी सँग, कस्तो परिश्रम सँग, कस्तो योग्यतासाथ, चलाउनुपर्दछ, जसका उपर परेको छ. उही जान्न शक्तछ. युद्धको समयमा राज्यले जति उद्योग गर्नु पर्दछ, जति बल खर्च गर्नु पर्दछ, जति नोक्सानी सहनु पर्दछ, जति उत्तम शक्ति लगाई काम गर्नु पर्दछ, त्यसबाट १।२ वर्षको समयमा पनी जति अनुभव प्राप्त गर्न शक्तछ, त्यति शान्तिको समयमा १०।१५ वर्षमा पनी हुनु कठिन हुन्छ. यसैले जति अनुभव यस बखतमा यस कार्यबाट हुँदै गएको छ, त्यो अनुभव भविष्यत्को निमित्त पनी यथा सम्भव लेखेर सुरक्षित होओस्, यस्तो अमूल्य दुर्लभ वस्तु भूलेर वा मरेर साथसाथै नजाओस्, भन्ने अर्थले योग्रन्थ लेख्नालाई प्रारम्भ गरेको हूँ. वाचक महानुभावको जाँचमा उपयोगीनै ठहरिएला भन्ने आशा गरेको छु.

तर बहुतै ठुलो विषय छ. पारमात्र लगाउन शक्तछु वा शक्तिनँ, भन्ने बहुतै ताप लागीरहेको छ. बीच बीचमा बराबर अनेक तरहका बिघ्नहरू परि आउँदछन् तापनीः—

(१)

"प्रारभ्यते न खलु विघ्नभयेन नीचैः प्रारभ्य विघ्नविहता विरमन्ति मध्याः ।
विघ्नैः पुनः पुनरपि प्रतिहन्यमानाः प्रारब्धमुत्तमगुणा न परित्यजन्ति ॥१॥"

यस श्लोकको भावलाई शिरमा राखी जहाँसम्म शकिएला उहाँसम्म समाप्ति गरेरै छोडुँला भन्ने उमेद राखी प्रारम्भ गर्दछु.

हुनत, यस महायुद्धमा नेपालले कति भाग लिएको थियो— के के गर्नु परेको थियो— त्यसैको विस्तार पूर्वक बर्णन गर्नु नै यस ग्रन्थको मुख्य विषय हो ता पनी, अङ्गीको ज्ञानको विना अङ्गको, औ कारणको ज्ञानको विना कार्यको, राम्रो तरह सँग ज्ञान हुन नशक्ने हुनाले त्यसै अर्थले संक्षेपमा महायुद्धको स्वरूप र कारण पनी देखाउनै पर्ने हुन्छ. नेपालको सहायता महायुद्धको एक भाग अथवा अङ्ग मात्र हो. जहाँ सम्म महायुद्धको प्रलयकालको जस्तो महाभयङ्कर स्वरूप राम्रो गरी बुझिँदैन, त्यहाँ सम्म जगत्, मित्रवर्ग, औ बृटिस साम्राज्य, कस्तो महाँसंकष्टमा परेका थिए, वा छन्, भन्ने कुरा यथार्थ बुझि नै शकिदैन. महासंकटको बोध राम्रो गरी नभई नेपालको सहायताको महत्व पनी राम्रो गरी कसरी बुझिन शकिएला ? त्यसैले महायुद्धको स्वरूप र कारण पनी संक्षेपमा देखाउनाको आवश्यकता नै देखिन्छ.

---

(१) लाछी मानिस बिघ्नपर्ला भन्ने डरले कामको उठानै गर्दैन. मझेउलाहरू काम सुरू गरेर बीचमा बिघ्नपर्नासाथ रोकिन्छन्. उत्तम गुण भएका मानिसहरू भने बीच बीचमा बारंबार बिघ्न परिआए तापनी उठान गरेको पूरा नगरी छोड्दैनन्.

महायुद्धको वास्तविकरूप जान्नालाई पनी जहाँसम्म मुख्य कारणको ज्ञान हुन शकेको छैन त्यहाँसम्म राम्रो गरी जानिनँ शकिदैन. पशुले झैं एक किसमले हामीहरूले पनी देखेर सुनेर युद्धको वाह्यस्वरूप सम्म त बुझ्न शक्तछौं तापनी फोटोग्राफीको प्लेट–फोनोग्राफीको रिकार्डबाट जस्तो, त्यस किसमको वाह्येन्द्रियको निराला ज्ञानबाट मनुष्यको तृप्ति कदापि हुन शक्तैन, त्यसबाट काम पनी चल्न शक्तैन. कार्यकारणको यथार्थ बोध नभई बुद्धिमानहरूको दिलको तृप्ति पूरा हुन पनी शक्तैन. महायुद्धको कारण र स्वरूप ठीक ठीक मालुम भएको पक्षमा नेपालको सहायताको महत्व बुझ्नालाई मात्र काम आउने होइन कि, पछी पछीको पनी युद्धको स्वरूप र कारण अगाडीदेखि नै बुझ्नालाई केही मदत हुन गई औलेको भन्दा पनी सब प्रकार वाट उसवखतमा होसियारी राख्न शक्ने हुनेछौं.

फेरी जसले सम्पूर्ण संसारलाई खलबलाइदिएको छ, विशेष गरी युरोप महाद्वीपलाई उचालपछार गर्न लागेको छ, महाशक्तिशाली साम्राज्यको मूल सम्म पनी जसले हल्लाउन लागीरहेछ, जसबाट भएको भयले थरथर काप्न लागेकी पृथिवी राम्रो तरह सँग अझ पनी श्वास फेर्न शक्तिनन्. जसको डरलाग्दो रूप देखेर पुरानो जमाना रूपी जेठा-छोराको (प्राचीन युगको) नाश भएको देखी खिन्नभएकी पृथिवीले कान्छोछोरो (नवीनयुग) पैदागर्नालाई गर्भ धारण गरेमा पनी जसको भयले बेबखतमा प्रसव वेदना सहीरहनु परिरहेछ. कुनस्वरूप सँग कले त्यसको जन्म हुन्छ, ठीकठीक अझसम्म पनी पत्तै छैन. त्यस्तो महायुद्धको यथार्थ कारण र स्वरूप जान्नालाई कसलाई इच्छा होओइन.

वास्तवमा यो कुरा जान्नालाई रुचि र उत्कण्ठा सबैलाई होला. परन्तु त्यो महायुद्धको यथार्थ स्वरूप र कारण उघारेर देखाउनालाई ३।४ कारणले बहुतै कठिन छ.

पहिलो कारण–जुन विद्वान् इतिहासमा व्युत्पन्न छन्. सामग्रीले सम्पन्न पनी छन्. औ यो काम गर्नालाई प्रसस्त फुर्सत पनी छ, त्यस्ताले पनी यस महायुद्धको यथार्थ स्वरूप र कारणको ठीक ठीक दिग्दर्शन गराउनु मुस्कील छ भने हामीहरू जस्ताको के पत्ता. किनकि:– पहिले यो युद्ध अपरिमेय (यत्रोछ भनी नाप्न नसकिने) छ. पृथ्वीका असङ्ख्य प्रदेश र जातिलाई घेरेर रहेकोछ, फेरी यसको जरा नजाने कति शय वर्षको गहिरो इतिहासमा धसिएको छ. औ शिक्षा, साहित्य, धर्म, न्याय, विज्ञान, उद्योग, वाणिज्य, आदिमा यसको शाखा प्रशाखा (हाँगा बिंगा) को विस्तार (फैलाउ) नमालूम कहाँतक कस्तोछ. हेर्नुहोस् न– जुन युद्धमा युरोप एसिया आफ्रिका आष्ट्रेलिया अमेरिकाहरू केही-नकेही सम्बन्धबाट तँछाडमछाड गरी सामेल हुन लागेका छन्. जसमा इसाई, मुसलमान्, बौद्ध, औ हिन्दु आदि भिन्न-भिन्न मतावलम्बीर, स्वाराज्य, साम्राज्य वैराज्य, एकराज्य, आदि भिन्नभिन्न शासन–प्रणालीका अनुयायीहरूले आपनो आपनो समयाचार छोडेर दोस्राको विरुद्ध युद्धमा खडा भएका छन्, भने यस्तो मर्यादा तोड्ने महायुद्धको कारण र स्वरूप झट्पट् कसरी ध्यानमा चढ्न सक्ला.

दोस्रो कारण– जस्तै नजिकको पहाड भए पनी पहिले पहिले हेर्दा पर्वतको थुप्रोसम्म देखिन्छ, त्यसमा कस्ता कस्ता वृक्ष लता छन्, कस्ता कस्ता झार पात छन्, कत्रा कत्रा ढुङ्गा छन्. त्यसभित्र के के वस्तु छ, यो सबै केही काल वाद विचार गर्दा गर्दा मात्र देखिने हुन्छ, त्यस्तै यो महायुद्ध पनी भर्खर उठान भएको छ, स्थूलरूपले मात्र देखिएको हुनाले यसको वास्तविक स्वरूप कस्तो छ. वखत केही नबिती जान्नालाई पनी बहुतै मुस्कीलको हुन्छ. मुस्कीलको भनी के भनूँ असम्भवै हुन्छ. उसमाथी यो महायुद्धको अन्त अझ सम्म नभइशकेको हुनाले यसले अगाडी

कस्तो कस्तो रूप धारण गर्दछ, सो अँलेदेखि कसरी भन्न शकिन्छ. फेरी. युद्धको आकार जस्तो जत्रो अँले देखिएको छ, त्यस को आधारले अनुमान (अन्दाज) गरी युद्धको कारण बताउँ भने पनी भविष्यत्‌मा महायुद्धको गति र आकार फरक पर्न गई अँले देखेको युद्धको आकारले अनुमान गरी लेखेको कारण र स्वरूप परिणाममा अपूर्ण वा असत्य ठहरिनालाई केही असम्भव छैन. फेरी युद्धमा सामेल भएका राष्ट्रहरूले वास्तवको यथार्थ कुरा भए पनी परिणाममा आपनो हानि हुने जस्ता किसमका कुरा प्रकाश गर्न नहुने हुनाले सेन्सर आफिस खडा गरी आपना आपना पक्षको असल हुने कुरा र, कल्पना गरेर निकालेका कुराहरू समेत छापामा प्रकाश गर्ने हुनाले त्यस्तो छापामा छापिएका कुराका भरबाट र, अरू राष्ट्रहरूलाई पनी आपना तर्फ खीचो आपनो बल बढाउनाको निमित्त प्रत्येक देशका राजा मन्त्रीहरूले प्रयोग गरेको चञ्चल कुटिल उक्ति र नीतिबाट र, युद्धले उन्मत्त भएका लडाकाहरूका मुखबाट निस्केका बज्र जस्ता कठोर शब्दबाट, युद्धको वास्तविक स्वरूप र कारण आच्छादित भईरहेको हुनाले त्यसलाई यथार्थ रूप सँग प्रकाश गर्न यस वखतमा एक किसमले असम्भव जस्तै भन्नु पर्दछ.

तेस्रो कारण– यस्तो महायुद्धको पाश्चात्य इतिहासमा त के कुरा, पृथ्वीको आज सम्मको इतिहासमा पनी अभूतपूर्व छ. के राजकाज, के व्यवहार, के विचार, के शास्त्रमा, युरोपीयनेताहरूले निःसन्देह धेरै दिन देखि यस उत्पातको ज्वालामुखी पर्वत खडा गर्दै गएका थिए. राजनैतिक विचारमा उदारभाव भएका मनुष्यको अपेक्षा जातीय-भाव भएका मनुष्यलाई प्रधानता दिन लागेका थिए. जातीय अभिमानको आधार लिएर साम्राज्य–वादको सिद्धान्त खडागरेका थिए. धार्मिक विचारमा सांप्रदायिक बन्धनको अपहेला गरेर आचार विचारको उच्छृङ्खलता, विश्वासलाई छोडेर नास्तिकता, धर्मलाई छोडेर उपयोगिता-वादको आदर हुन लागेको थियो. दिन दिनै अद्‌भुत अद्‌भुत आविष्कार गरी जड प्रकृतिको मायावी-बल स्वार्थी मनुष्यको हातमा साइन्स द्वारा बढ्दै जानलागेको थियो. वाणिज्य व्यापारको तृष्णा यहाँ सम्म प्रबल भइशकेको थियो कि जसको पूर्त्तिको निमित्त जहाज रेल तार व्योमयानको गति पनी मन्द प्रतीत हुनलागेको थियो. युरोप अमेरिकाका सबै ठूला ठूला राष्ट्रहरू विचार र व्यवसायमा एउटा दोस्राको स्पर्धा गरी रहन्थे, कहिले काँही जब आफूसको दुइथरीको ठक्करबाट अपशकुन जस्तो वादानुवाद रूपी धूँवा वा झिल्का उठेको देख्तथे, तब झट्पट् आर्मीनेभी बिलका पट्टी बाँधेर शान्त गराउँदथे. यो झिल्का जम्मा हुँदा हुँदा एकदिन न एकदिन ज्वालामुखी पहाड फुटेर निस्के जस्तो बडो वेग साथ विरोधाग्नि प्रकाश नभई छोड्ने छैन भनी एक हिसाव-ले प्रायः सबैले बुझिशकेका थिए तापनी, त्यसबाट अरू डढे पनी आफू साफ बच्नेछौं भन्ने यही प्रत्येक राष्ट्रको ख्याल थियो. परन्तु अब जब महाआपत् सबैका शिरमा सवार भयो, अघिको सबै अनुभव विचार, कल्पना, तर्क, अनुमान कहाँ गयो कहाँ, त्यो सबै बिर्सी आपनो दोषलाई ढाकी त्यसको दोषले यस्तो आपत्ति भोग्नु पर्‍यो भनी हरेक राष्ट्र एउटाले अर्कोलाई दोष लगाई आफू उम्कने यही बाटो हिड्न लागेका छन्. यस्तो हुन लागेको हुनाले यो विवादको किनारा केही नलागी, अथवा विवाद कम नभई, सच्चा युद्धको स्वरूप र कारण कसरी मालुम होला.

चौथोकारण– यी सामान्य विघ्न बाधालाई छोडेर खास यस लेखकका उपर बिती रहेको विशेष कठिनता पनी कोही भन्दा कम छैन. युरोप देशको एउटा कुनै भाषा जान्ने भाग्य पनी यस लेखकको पुर्पुरोमा नलेखेको हुनाले पहिले युरोपको इतिहासको साधारण गति नै मालुम छैन, फेरी यस महायुद्धको विषयमा जति जस्तो वर्णन प्रकाशित

भइरहेकोछ त्यो पनी पूरा पूरा यसको अगाडी उपस्थित छैन. महायुद्ध सम्बन्धि प्रायः सबै पुस्तक र प्रायः छापाहरू अंग्रेजी भाषाकै नेपालमा पाइने, त्यस भाषामा विशेष गति नभएको हुनाले यस लेखकको जाने बाटोमा यो भन्दा ठूलो पहाडको पैरो र, समुद्रको अन्तर आर्को के हुन शक्तछ. यसै कारणले यी पुस्तक र ती छापाहरूबाट आवश्यक सहायता लिनाका निमित्त अरूको खुसामत गरी भाषान्तर गराउने, अत्यन्त थकाइलाग्ने, बहुत बिलम्ब गराउने, एक बाटो मात्र यस लेखकको छिड्ने बाटो भइरहेकोछ. उस माथी पनी आफ्नो अनेक तरहको अरू किसमको कामले अवकाश मिल्नु बहुत मुस्कील हुनाले पनी यो अज्ञ लेखकले लेखेको महायुद्ध जस्ताको स्वरूप र कारणको निरूपण कस्तो गलत ख्यालको कहाँ सम्मको कुरा नपुगेको होला, तैपनी लेख्नालाई जो साहस गरी रहेछ, यसको कारण केवल आवश्यकता मात्र हो, अर्थात् महायुद्धमा नेपालको भागको वर्णन गर्नालाई थेरै वा थोरै महायुद्धको कारण देखाउनै पर्ने आवश्यकता परेको हुनाले आफ्नो बुद्धि अनुसार यथाशक्य प्रयत्न गरेको छ.

तर आफ्नो कम सामर्थ्य देखी कालिदासको रघुवंशको:–

(१)
"मन्दः कवियशःप्रार्थी गमिष्याम्युपहास्यताम् ।
प्रांशुलभ्ये फले लोभादुद्बाहुरिव वामनः ॥"

यो श्लोकलाई जब संझन्छ, तब सरासर सरिरहेको कलम पनी टक्क अडिएको देख्तछ. जब तन्त्र-वार्तिकमा कुमारिल भट्टले लेखेको :–

(२)
"तद्विद्वांसोऽनुगृह्णन्तु चित्तश्रोत्रैः प्रसादिभिः ।
सन्तः प्रणयिवाक्यानि गृह्णन्ति ह्यनसूयवः ॥
न चात्रातीव कर्त्तव्यं दोषदृष्टिपरं मनः ।
दोषो ह्यविद्यमानोपि तच्चितानां प्रकाशते ॥
कुतो वा गृण्हते दोषं सूरयो मद्विधोक्तिषु ।
नेष्यते यः परस्थोऽपि स स्वयं गृह्यते कथम् ॥
निर्दोषत्वैकवाक्यत्वं क्व वा लोकस्य दृश्यते ।
सापवादा यतः केचिन्मोक्षस्वर्गावपि प्रति ॥

(१) म भन्दछु तर ठूला कविको जस्तो यश चाहन्छु. अल्का मानिसले टिप्न सकिनेफल टिप्नालाई बाउन्नेले माथिलतिर हात उठाउँदा जस्तो त्यसको ठट्टा हुन्छ, त्यस्तै म पनी ठट्टामा जानेछु.

(२) ती विद्वान्हरूले प्रसन्न मनले यो हेरिदिने सुनिदिने मेहरवानी गरून्. किनकि– सज्जनहरू प्रेमसाथ नम्र मानिसले बोलेको कुरा रीसकेही पनी नलिएर स्वीकार गर्दछन् यो निश्चयैछ । यसमा दोषै पट्टि मन दिनु मुनासिब छैन, किन भने दोषैमा ध्यान दिन लागे नभएको दोष पनी देखिन थाल्छ । अथवा सज्जनहरू आर्काको भएको दोष पनी त देख्न नशकी उपदेश द्वारा पर्याँकि दिन्छन् भने, म जस्ता अदनाको उक्तिमा ती आफै दोषको चाहा किन गर्नन् ।

(२)

आगमप्रवणश्चाहं नापवाद्यः स्खलन्नपि ।
नहि सद्वर्त्मना गच्छन् स्खलितेष्वप्यपोद्यते ॥
यथाकथञ्चिदारब्धा त्रयीमार्गानुसारिणी ।
वाग्वृत्तिरल्पसारापि श्रद्धधानस्य शोभते ॥"

यी श्लोकहरू देख्तछ. तब विनाप्रयत्नले पनी इन्द्रियको त्यस तर्फ प्रवृत्ति भएको देखी यिनै श्लोकहरूलाई शिरमा राखी १९१४ सनको जुलाइ महिनामा[४] प्रारम्भ भएको महायुद्धको संक्षेप रीतिले प्रस्तावना र, यस युद्धको मैदानमा वृटिसको साथ भई नेपालले पनी उत्रनु परेको हुनाले संक्षेपले त्यसको वर्णन पनी लेख्नालाई आरम्भ गर्दछ.

प्रस्तावनामा यो महायुद्धको स्वरूप र कारण लेख्ता र नेपालले गरेको सहायताको वारेमा र, नेपालले गर्नु परेको बन्दोवस्तको वारेमा, लेख लेख्ता कुनै किसमको भूल चुक वा पुग नपुग वा वढता हुन गएको भए वाचकहरूले क्षमा राखे मात्र यस लेखकको उद्धार हुने एउटा बाटो छ भनी नम्रता साथ प्रार्थना गर्दछ:–

लेखकः–

राजगुरु हेमराज शर्मा

टिप्पणी

१. २८ जून १९१४ सनमा = वि. सं. १९७१ आषाढ १५ गते

२. १८९९ सन्‌को = वि. सं. १९२३ को

३. १८७० सन्‌को = वि. सं. १९२७ को

४. १९१४ सन्‌को जुलाइ महिनामा = वि. सं. १९७१ श्रावणमा

---

मोक्ष र स्वर्ग जस्तो यस्तो विषयमा समेत त कोही मानिसहरू खोट् लाउँछन् भने सबैको एकराय मिलेको दोष भनेको हुँदै नभएको कुरा त के होला ?।

(१) असल बाटोबाट हिड्ने मानिस लडे पनी जस्तो अपवाद गरिदैन. त्यस्तै म पनी शास्त्र तर्फ झुकेकोछु, लडे अर्थात् चुके भने पनी अपवादको भागी त होओइन । हा हू गरी जोरेको, सार वहुतै कम भएको, यो प्रवन्ध छ ता पनी असल बाटोबाट हिडेको हुनाले जस्ले श्रद्धा गर्दछ उस्लाई यो रूचाउने होला.

# प्रस्तावना

गर्जी गर्जी बजारी चरण जमिनमा, लाल जिभ्रो पसारी,
फुस्रो क्राँक्री फिँजारी, नजर जहरिलो तेजले चूर पारी,
वैरीको शिर् उतारी, रणविच त्यसले गेँदको खेल भारी,
खेल्ने आश्चर्य पारी, परम सुख दिऊन् तारिणी दुःख टारी.

श्रीपरमेश्वर र प्रकृतिदेवीको यो अपार सृष्टिमा जति जति हेर्दै गयो उति उति आश्चर्य पैदा गर्ने नयाँ नयाँ नियम र घटनाहरू आफ्नो अगाडी आएर नाच्नलागेका विचार दृष्टिले र कहिले कहिले यही दृष्टिले पनी प्रत्यक्ष देख्न पाइन्छन्. ती नियमहरू मध्यको "जीवनार्थकलह" "स्ट्रगल् फर् एग्जिस्टेन्स्"[१] यो एक भयानक नियमको अनुसार सानासाना कीरा देखी लिएर ठूला ठूला माछा सम्मका सम्पूर्ण प्राणीहरूमा एउटाले आर्का लाई संहार गर्नालाई प्रवृत्ति भएको र वैमनस्य ( दिल नमिलेको ) जतातत्तै देखिन्छ, परन्तु मनुष्यजातिमा जत्तिको व्यापक र डरलाग्दो त्यसको स्वरूप देखिन्छ, त्यस्तो दोस्रो कुनै प्राणीमा पनि देखिँदैन. हुनत बाघ सिंह प्रभृति तमोगुण प्रधान भएका क्रूर प्राणीहरू पनी यस सृष्टिमा धेरै देखिन्छन् ता पनी केवल मांसादिबाटै आफ्नो जीवननिर्वाह गर्नु पर्ने हुनाले र जङ्गली विचार बुद्धि रहित समेत हुनाले आर्को गति केही नभई तिनीहरूको प्रवृत्ति क्रूर कर्ममा हुनु आश्चर्यको कुरा होइन. मनुष्यजातिको त सात्विक वा राजसी वृत्ति द्वारा जति भने पनी जीवन निर्वाहको उपायान्तर छँदाछँदै तमोगुणलाई नै प्रधान गरी त्यसैको अनुसार चल्नु कहाँसम्मको कुरा हो. भला, भारतवर्षमा त हजारन् जात, हजारन् मत, हुनाले र 'अघि भारतवर्षमा सभ्यतादेवीले त्यत्तिको वास गरेको थिइनन्, त्यसैले भारतवर्षमा फुट र वैर ज्यादा भएको हो, भन्ने अैलेका कोही कोही सभ्यपुरुषको ख्यालमा छ, सायद् त्यस्तै केही कारणले परस्परमा मिल्न नसकी भारतवर्षको नाश हुन गएको होला भनी सन्तोष गरौँ भने पनी उन्नतिको र सुधारको शिखरमा पुगेका प्रायशः एकमत एकभाषा एकजात भएका पाश्चात्य समाजले र युरोपीय राष्ट्रहरूले अैले प्रतिदिन बढाउँदै ल्याएका शास्त्र र वस्तुविज्ञान (साइन्स्)[२] बाट र, अनेकन् नयाँ नयाँ आविष्कार भएका वस्तु द्वारा विरोधको बीजलाई मास्तै निर्बीजै अैलेसम्म गराउनु पर्ने अवस्थामा उल्टो जति जति त्यस तर्फ सभ्यता बढ्दै गयो उति उति विरोधको बीज पुष्ट गराउँदै जतातत्तै छरी त्यसैबाट उम्रेका विरोधका वृक्षहरू पनी ठूला ठूला गराइशकेको देखिनाले जीवनार्थकलह हुने भन्ने यो भयानक नियमको व्यापक र डरलाग्दो स्वरूप जस्तो मनुष्य समाजमा देखिन्छ, त्यस्तो अरू कुनै प्राणीमा देखिँदैन भनी जो माथी लेखिएकोछ, त्यो ठीक हो वा होइन विचार पूर्वक हेर्नु योग्य छ.

हुनत स्वार्थमूलक जीवनार्थकलहको नियमको वरावर (जोडा) "परस्परमा सम्वन्ध गराउने" परमार्थ मूलक सर्वव्यापी सृष्टिको एक अर्को नियम पनी छ. जुन नियमको तत्वलाई लिएर हाम्रा शास्त्रकारहरूले पनी

(१)
"सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद्दुःख भाग्भवेत् ।।"

भन्ने इत्यादि श्लोक गाथाको गान गरी; द्वेषको वदला प्रीति, युद्धको वदला मित्रता, फूटको वदला एकता, शिक्षा गर्ने यो नियमहो भनी प्रतिपादन गरेका छन्. हुन पनी गृहस्थस्नेह, मैत्री, देशभक्ति, राजभक्ति, इत्यादि अनेक रूपले मनुष्यसमाजमा यस नियमका असङ्ख्य उदाहरण पाइन्छन्. प्राणीमा श्रेष्ठ ज्ञानवान् मनुष्यमा मात्र यो नियम रहेकोछ भन्ने मात्र होइन कि, दाम्पत्यप्रेम, (स्त्रीपुरुषको प्रीति), सन्तति वात्सल्य, (सन्तानकोप्रेम) स्वामिभक्ति, स्वजाति प्रेम इत्यादि तरहतरहका अद्‌भुत उदाहरण क्रूर सिंहादि पशु, क्षुद्र जीवजन्तुहरूमा पनी अनेक रूपले रहेको देखिन्छ. प्राणीको कुरा त पर रहोस्, जडपदार्थमा पनी यो नियम आकर्षण (एट्र्याक्शन्) को रूपमा रहि रहेकोछ. जसको प्रभावले समस्त पदार्थको परमाणु आपसमा मिली एक गोला भइरहेको देखिन्छ. यस ब्रह्माण्ड भित्र भिन्न भिन्न गोल भइरहेका असङ्ख्य जगत्‌लाई पनी अदृश्य वन्धनले (नदेखिने डोरीले) वाँधी, आफ्नो हदभित्र सोही नियमले जेली राखेको देखिन्छ. गृहस्थ, राज्य, साम्राज्य आदि सारा मानुषीव्यवस्था यही नियमको आधारमा अवलम्वित छ. यो नियममा अलिकति पनि फरक हुन गयो भने एक क्षणभरैमा संसार प्रलय हुन जान वेर हुनेछैन. यसैले सारा जगत्‌लाई सम्बन्ध गराउँने यो महानियमको पनी ठूलो प्रभाव बुझिन्छ. तर सर्वत्र यही नियम मात्र व्यापक भएको देखिँदैन.

यी दुवै महानियम देख्नालाई पालन गर्ने हरि (विष्णु), संहार गर्ने हर (शिव) का समान एउटा दोस्राका विरोधी जस्ता देखिन्छन् ता पनी वास्तवमा हरिहरको स्वरूप झैं संसारको स्थितिको निमित्त एउटा दोस्रो अङ्गभूत अथवा एकज्यू जस्तो भई रही ईश्वरका मायाको विचित्र विधानको अनुसार एकैबाजी संसारमा व्याप्त भएर आपनो आपनो काम गरी रहेकाछन्. कालले गर्दा कहिले एकको प्रावल्य वा विशेष गति देखिन्छ, कहिले दोस्राको अर्थात् आविर्भाव वा तिरोभाव अंशमा दुवै नियमको स्थिति संसारमा देखिन्छ.

यस वखतको परिस्थिति, अथवा मनुष्य जातिको यस वखतको विकासको भूमिकावाट यस्तो अनुमान गरिन्छ कि:– अन्तर्राष्ट्रीय क्षेत्रमा (एक राज्यको अर्को राज्य सँगको सम्वन्धमा) प्रथम महानियमको, (जीवनार्थकलह नियमको) नै प्राधान्य चलिआएको, एक राष्ट्रभित्रको कार्यक्षेत्रमा (एकराज्यभित्र) दोस्रो नियमको, (परस्पर सम्वन्ध गराउँने नियमको) अवकाश भएको जस्तो वुझिन्छ. किनकि:– न्यायद्वारा कलह शान्त गराउँने अरू असङ्ख्य नियमहरू पनी भएका हुनाले र एकै सभाको अधीनमा रहेका हुनाले एक राज्यभित्र दोस्रो महानियमको प्राधान्य बुझिन्छ. अन्य अन्य राज्यको स्वार्थको निर्णय शान्तिपूर्वक पञ्चायत द्वारा गराउने केही नियम र, हेग कन्फरन्स

(१) सवै सुखी होऊन्, सवै निरोगी रहुन्, सवैले भलो कुरा देखुन्, कोही पनी दुःखी नहोस्.

जस्ता सभा खडा भई दोश्रो महानियमको यसमा पनी प्रवेश भएको भए पनी त्यहाँ सम्मको यसको उन्नति नभएको हुनाले ठूलो राष्ट्रको दवाउले सानासाना राष्ट्रको शान्तिपूर्वक स्वार्थको निर्णय भए पनी महाशक्तिमान् राज्यहरूको परस्परको स्वार्थको निर्णय त्यस सभावाट पनी हुन नसकेको देखिनाले अन्तर्राष्ट्रीय क्षेत्रमा पहिलो महानियमको नै प्राधान्य बुझिन्छ.

यी दुवै मार्गमा अन्तमा कसको पूर्ण विजय हुन्छ. अथवा दुवै कायमै रहन्छन्. अथवा एकै राष्ट्रमा पनी नियमको अनियम हुन्छ कि, यो केही पनी भन्न शक्दैन. जहाँ सम्म यसको निर्णय ठीक हुँदैन. अथवा संसारका सारा राष्ट्र अन्याय र अधर्मको व्यवहारै नगर्ने जहाँ सम्म हुँदैनन्. अथवा सारा पृथिवीका राजा वादसाहहरूको विवादलाई न्याय पूर्वक निर्णय वा फैसला गर्न शक्ने सार्वभौमशक्तिको जहाँ सम्म पूरा उदय कायम रहन शक्तैन, त्यहाँ सम्म पृथिवीका स्वतन्त्रराज्यको वीचमा ठूलो वा सानो, आज वा केही दिन वाद, युद्ध अवश्य नभई छोड्दैन. अर्थात् यो हुनु जत्तिको असम्भव छ, त्यत्तिकै युद्ध निवारण हुनु पनी असम्भवैछ.

स्वार्थमूलक जीवनार्थकलहको नियमको अनुसार दुनियाँमा सानो तीनो झगडा वा युद्ध त एक प्रकारले एकतिरन एकतिर सधैं रहि रहेकै छ भने पनी हुन्छ. स्वतन्त्रराज्यको वीचमा पनी सदासर्वदा धेरै थोरै स्पर्धा लागि-रहेकै हुन्छ. जव त्यो स्पर्धा असह्य हुन्छ, तव परस्परमा युद्ध भइहाल्दछ. यी कुरा हरेक राष्ट्रका इतिहासमा प्रशस्त पाइन्छन्. युद्धको परिणामवाट एकपक्षको संहार हुन्छ, अथवा त्यो त्यहाँसम्मको निर्वल हुन्छकि, विजेतापक्ष सँग स्पर्धा गर्नालाई एकदम असमर्थै हुन्छ, तव केही कालको निमित्त युद्ध केही नभई शान्ति पनी रहन शक्दछ. परन्तु ठूलो ठूलो युद्ध धेरै वर्षवाद उस्तै तारतम्य मिल्न आई कहिले कहिले मात्र भएको देखिन आउँदछ.

सयवर्ष भित्रमा भएका युद्धहरू मध्यमा, नेपोलियन् वोनापार्ट सँग प्रायः युरोपका प्रधान प्रधान सवै राज्यहरूले सन् १८१५ सम्ममा[४] गरेको लडाई (१), रसियाको विरुद्ध भई, वृटिस फ्रान्स टर्कीहरूले लडेको सन् १८५४ मा[५] भएको क्रिमियावार (२), सन् १८७० मा[६] भएको फ्रान्सको जर्मनवार (३), सन् १९०४–५[७] मा भएको रसिया जापानवार (४), सन् १८९४[८] भएको चैना जापानवार (५), सन् १९०१ मा[९] भएको वृटिस ट्रान्सवालवार (६), सन् १९२१ मा[१०] भएको टर्की वालकन्वारहरू प्रसिद्ध छन्. तर यी लडाईहरू मध्यमा पनी नेपोलियन् वोनापार्ट सँग परेको लडाई सव भन्दा महत्वको थियो भन्दछन्. तर यी आज सम्ममा भएका युद्धहरू २।४ राज्य मिली आफू आफूमा भएको हुनाले युद्धमा सामेल हुने र पराजय पाउने राष्ट्रलाई केही भीषणता देखाएको भए पनी सारा पृथ्वीलाई सम्बन्ध गराउने– टाढाको पदार्थ पनी नजीक गराउने रेल तार जहाज व्योमयानहरूको अंलेको जस्तो विकास भइनशकेको हुनाले समस्त पृथ्वी लाई हल्वल् गराउने अत्यन्त भयानक १९१४ सन् मा[११] भए जस्तो लडाँइ मनुष्य समाजको वीचमा आज सम्म भएको इतिहासमा पनी देखिँदैन भने एकसय वर्ष भित्रमा परेको युद्धको कुरा त परै रहोस्.

हुन त संसारको इतिहासमा आजसम्म हजारौं खराव दिन वितिशके होलान्, परन्तु यस वखतको महा अनर्थकारक युरोपको महायुद्धको अग्नि धपक्क वालिदिने पहिलो झिल्का जुन दिनमा पर्‍यो, त्यत्तिको खराव मुहूर्त को

दिन आज सम्म कहिले पनो परेको होग्रोइन. यस वखतमा यत्रो ठूलो लडाँइ के कारणले पऱ्यो ? किन रोक्न शकेनन् ? यो लडाँइ यस्तो ठूलो र सारा पृथ्वीलाई हलचल गराउँने किन भयो ? त्यसको संक्षेप साथ वर्णन लेखिन्छः–

टिप्पणी

१. यो रोमनमा लेखिएको छ।
२. यो रोमनमा लेखिएको छ।
३. यो रोमनमा लेखिएको छ।
४. सन् १८१५ सम्ममा = वि. सं. १८७२ सम्ममा
५. सन् १८५४ मा = वि. सं. १९११ मा
६. सन् १८७० मा = वि. स. १९२७ मा
७. सन् १९०४–५ मा = वि. सं. १९६१ मा
८. सन् १८९४ = वि. सं. १९५१ मा
९. सन् १९०१ मा = वि. सं. १९५८ मा
१०. सन् १९१२ मा = वि. सं. १९६९ मा
११. १९१४ सन्मा = वि. सं. १९७१ मा

# महायुद्धको आरम्भको केही कुराः-

आष्ट्रिया हङ्गेरिका वर्तमान सम्राट् फ्रान्सिस जोजेफ्ले आर्चडच्यूक् कारल लुड्डनका पुत्र, आफ्ना भतिजा आर्चडच्यूक् फर्डिनन्डलाई आष्ट्रिया हङ्गरीको गादीमा युवराज (भावी अधिपति) निश्चय गरेका थिए. (जसको जन्म सन् १८६३ को १८ डिसेम्बरमा[१] भएको थियो.) यिनै साहज्यादा अघि सन् १८...... मा हिन्दुस्थानको सफरमा आउँदा नेपालको ...तराईमा पनी आई केही दिन सिकार खेली गएका थिए. यिनै साहज्यादा २८ जून् १९१४ सन्को[२] दिन वोसनियाँ जिल्लाको सेराजेवो राजधानीमा आफ्नी प्रियपत्नीको साथ एउटा मोटरमा चढी सेराजेवो सहरको टाउनहालको सभामा जान लागेको वखतमा, मूलसडकँमा एउटाले वम हानेको थियो ता पनी उस वखत सपत्नीक युवराजलाई केही नभएको हुनाले टाउनहालको सभास्थानमा पुगे. उहाँ उनको सभाद्वारा स्वागत भयो, अभिनन्दनपत्र पनी पढी सुनाए. तदनन्तर साहज्यादाले केही रिसाए जस्तो गरी "तपाईंहरू भने यहाँ मलाई यस्तो

अभिनन्दनपत्र दिनु हुन्छ, वाटोमा भने मेरा उपर वम फकिन्छ, यो कस्तो स्वागत हो ?" भनी भन्दा सभामा रहनेहरूले दुःख प्रकट गरे. सभा विसर्जन भए पछी सपत्नीक युवराज आफ्नो मोटरमा सवार भएर त्यहाँबाट केही टाढा मात्र गएका थिए, त्यहीँको एउटा वदमासले पेस्तवल चलाउँदा युवराज र युवराजपत्नी दुवैंलाई गोली लागी केही वेर वादही दुवैजनाको प्राण गयो. यस्तो भयङ्कर अमानुषकृत्य गरी सपत्नीक साहज्यादाको प्राण जानु वहुतै अपशोसको कुराहो.

यो गुप्तहत्याको सम्बन्धमा युरोपमा अनेक तरहको भयानक आन्दोलन र अनेक तरहको तर्कना हुन लाग्यो. हीन वंशको हुनाले राजवंशलाई सुहाउने योग्य विवाह नभए पनी केवल अत्यन्त सुन्दरी र युवती देखी काउण्टेष्ट आफ् छोटक सँग युवराजले प्रेम विवाह सन् १९०३ को जुलाई महिनामा[३] गरी आष्ट्रियावंशलाई नै दाग लगाएका हुनाले आष्ट्रिया राजवंशमा अनुराग राख्नेहरूले यो मर्यादा र कानूनको वखिलापको विवाह हुन गएकोले यिनीलाई सिंहासन मिल्नु योग्य छैन भनी वहुतै आन्दोलन उठाएका हुनाले र, आष्ट्रियाका वादसाह फ्रान्सिस जोजेफ्को पनी रायको वखिलाफ्को काम भएको हुनाले यिनी युवराजको अनन्तर राजगद्दीको हक्दार काउन्टेस् अफ् छोटकका छोरालाई नगराई यिनै युवराजका भतिजा आर्चड्यूक चार्लस् फ्रान्सिस जोजेफ्लाई गराउने वन्दोवस्त गरी थामथुम पारेका थिए. तर यस कार्रवाईवाट पनी सवैको दिल प्रसन्न नभई यिनीलाई राजगद्दीमा राख्नै हुँदैन भन्ने पक्ष भएका पनी धेरै भएका हुनाले यो भयानक षड्यन्त्र तिनीहरूले नै रची यो अमानुषकृत्य गराएका हुन् भन्ने कोही कोही र; होइन, यो षड्यन्त्र "नारोदना-ओड्वाना"[४] नाम भएको सभा जो सर्भियामा खडा भएकोछ; जुन सभाको उद्देश्य वोसनिआ हर्जगोविना इत्यादि देशमा रहेका स्लैवजाति सँग मेल वनाई एक अखण्ड सर्वियन् साम्राज्य स्थापना गर्नु भन्नेछ, त्यही सभाका पक्षपातीहरूमध्येमाको कसैको यो कामहो, किन कि–वोसनियाँ हर्जगोविना प्रदेश जव आष्ट्रियाले आफ्नो मुलुकभित्र घुसाएथे, उसै वखत देखि यो आन्दोलन मच्चिदै गएको र आन्दोलनवालाको दल वढ्दै गएको पक्षमा आष्ट्रियाको अत्यन्त अनिष्टपैदाहुने हुनाले सोही कुरा विचार गरेर आष्ट्रियाका यिनै साहज्यादा फर्डिनेन्डले यस सभाको मूलोच्छेदन गर्नु पर्दछ भनी यस तर्फको कार्रवाईमा कम्वर कसेका थिए, त्यसो हुनाले त्यस्तैवाट यो काम भएको हुनुपर्दछ भनी कोही कोही भन्न लागे. यस्तै अनेक तरहको तर्कना युरोपमा हुन लागेको थियो. त्यसै वीचमा आष्ट्रिया तर्फवाट जाँचको कमिसन खडा भई जाँच हुँदा –"युवराज फर्डिनेन्डको गुप्तहत्यालाई एक प्रयत्न निष्फल गए दोस्रो, त्यो नभए तेस्रो, यस्तै दशवाह्र स्थानमा प्रयत्न भएको वुझिएको र, युवराजलाई मार्ने अपराधमा पक्रिएको प्रिञ्चप नाम भएको जवान पुरुष सर्वियाराज्यको विद्यार्थी हुनाले र, स्वयं उसैले 'सर्वियाको नेशनलिष्टदलको उद्देश्य साधनको निमित्त धेरै दिन देखि मौका खोज्दै हिंडेको थिएँ' भनी भनेको र, युवराजको उपर वम फेक्ने अपराधमा पक्रिएको क्यारव्रिनोविच नाम भएको कम्पोजिटरले पनी 'सर्भियाको राजधानी वेल्ग्रेड्का अनार्किष्टहरूवाट मैले धन वम उत्साह पाएको थिएँ' भनी भनेको हुनाले र, सर्भियाराज्यको कार्खानामा वनेका अरू वमहरू पनी त्यहाँ पाइएका हुनाले यो अमानुषकृत्य गर्नालाई २।४ मानिस मात्र सरीक भई काम गरेको भन्न नहुने भई कोही मुख्य मण्डली द्वारा अर्थात् यही नारोदना ओडव्रानानामक संस्थाद्वारा प्रोत्साहन

भएका पुरुषवा यो काम भएको हुनुपर्दछ" भन्ने निश्चय गरी सोही कमेटीले आपना आष्ट्रिया गभर्नमेण्टमा रिपोर्ट पेस गरेको गरेको हुनाले आष्ट्रियागभर्नमेण्टको र सर्वियागभर्नमेण्टको परस्परमा कलह हुने कार्रवाई शुरू हुन लाग्यो.

आष्ट्रियाका वादसाह फ्रान्सिस जोजेफ सरीका दुर्दैवी वादसाह एकाध् कोहीकोही मात्र भएका होलान्. थिनका भाइलाई मक्सिकोमा यस्तै उपद्रवीले, थिनकी प्रियपत्नी एलिजावेथलाई एउटा पागलले, अधि नै मारिदियो. तिनैको पुत्र रूडोल्फका उपर इज्जत (आव्रू) खराप हुने सम्वन्धको कोही झगडा उपस्थित भएको हुनाले आफैले आत्महत्या गरे वा मारिए यसको यथार्थ रहस्य अझ सम्म प्रकट भएको छैन. रूडोल्फ मरे पछी थिनै वादसाहका अर्का आर्चड्यूक जाँन समुद्रको सयरमा गएका थिए, उहाँ पछीको तिनको खवर केही पनी आएन. यति प्रियजन वियोगको दुःख तिनीले अनुभव गरिसके पछी पनी त्यतिले नपुगी आष्ट्रियाको गादीमा पछी रहने गरी युवराज गराई राखेका सपत्नीक आर्चड्यूक फर्डिनेन्डको भयानक हत्याको आर्को दुःख पनी तिनी माथी थपिन गयो. पूर्व जन्मको पापको फल चखाउंदै एकदुःखवाट मुक्त हुन नपाउंदै आर्को आर्को नयाँ नयाँ दुःखसागरमा डुवाउंदै शोकमाथी शोक थपी मानो दुःख सहन सक्ने शक्तिको परीक्षा गरी पूरा अनुभव दिलाउनालाई परमेश्वरले तिनीलाई लामो आयु दिएको रहेछकि क्या भने जस्तो तिनीको समग्र जीवन चरित्रवाट देखिन्छ.

तर जस्तै दुःख र शोक परिआए पनी आपना कुटुम्वको शोकलाई धैर्यसाथ दवाई यस सम्वन्धमा जति कलहको बीजारोपण गर्‍यो उति कलहको फलफुल फली त्यसको गन्धको मादले सवैलाई उन्मत्त (पागल) गराई परिणाममा कोटियन् प्राणीका कुटुम्वलाई आफू जस्तै शोकमग्न गराउने अवस्था हुन आउनेछ भनी आष्ट्रियाका वादसाह्ले धैर्य साथ दूरदर्शिता देखाई आपनो राज्यको अपमान पनी नहुने, दुष्टलाई सजाय पनी हुने सम्मको समयोचित कार्रवाई गरी यो मामिलालाई शान्त गरेको भए महाभयङ्कर युरोपको समराग्नि यसरी प्रज्वलित भई चारैतिरवाट दढेलो लागे जस्तो लाग्न र वढ्न पाउने थिएन. हुने हुनासी नभई नछोड्ने हुनाले र, करोडन् प्राणीको र असंख्य द्रव्यको विनाश हुनु नै लेखिएको हुनाले तारतम्य पनी त्यस्तै हुन आई त्यस्ता वुद्धिमान् वयोवृद्ध वादशाहको र, उन्नतिको शिखरमा पुग्न पुग्न खोजेका आष्ट्रियाराष्ट्रहरूको र, सल्लाहकार जर्मनराज्यको पनी कुचोचौ तर्फ विलझुकी उल्टो यस कार्र वाईवाट फाइदा निकाल्नाका निमित्त न्यू देखाई आर्चड्यूकको हत्याको वहानाले सर्भियालाई दवाई, त्यसको वल नाश गरी वालकन प्रदेशमा आपनो महत्व र पञ्जास्थापन गर्ने असल अवसर परेको संझी २३ जुलाई १९१४ सनमा^५ सर्भियालाई आष्ट्रियाले एउटा खलिता पठाए. हुनत यो युद्धको वीज रूप खलिता आज नपठाई युद्ध उठान नगरेको भए भोली हुने थियो, यो कारण नभएको भए आर्को कारण खडा भई निस्कने थियो. प्रतिदिन वढ्दै गएको युद्धसामग्रीको र वैमनस्यको परिणाम एकदिनन एकदिन नभइछोड्ने थिएन तापनी सामान्य दृष्टिले यही खलिता मुख्य कारण हुन आयो.

सो खलितामा लेखेका कुराहरू मध्ये मुख्य मुख्य कुराको उल्लेख तल लेखिन्छः—

(१) सर्वियामा आष्ट्रियाको विरुद्ध जो राजद्रोही हलचल चली रहेको छ. जसमा सर्विया सर्कारका नोकर पनी छन् त्यसलाई सर्वियन् सरकारले निषेध गरोस्. शोक प्रदर्शन गरोस्. यो निषेध आगामी अङ्कको गजट्को प्रथम पेजमा प्रकाशित होओस्.

(२) खून् गर्नामा मिलेका सर्वियन् उपर कानूनी वर्ताउ गर्न वचन् सर्वियन् सरकारले देओस्. उक्त लिखित निर्देश सेनालाई जाहेर होओस्. सेनासम्वन्धि आर्डरमा लेखियोस्.

(३) आष्ट्रियन् सरकार विरुद्ध द्वेष उत्पन्न गर्ने कोही लेख पनी प्रकाशित नहोओस्. "नारोदना ओव्रोना" नामक सभा वन्द गरेर त्यसको मत फैलाउने साधन सबै जफ्त होओस्. राजद्रोह फैलाउने शिक्षकहरू निकालिऊन्. त्यस्को शिक्षा पद्धतिको संस्था वन्द होओस्.

(४) राजद्रोह फैलाउने कुरामा जो जो मिलेका छन्, जस्को नाम आष्ट्रियन् सरकारले सर्वियन् सरकारलाई वताउनेछन्. ती सबैलाई सर्वियाको सरकारले निकाली देओस्.

(५) आष्ट्रिया हङ्गेरीको अधिकारमा जुन प्रान्त छन्. जसमा फूटको हलचल फैली रहेको छ त्यसलाई नाशगर्नाका निमित्त आष्ट्रिया सरकारलाई सर्वियाले सहायता गरोस्, सो खुनको मुद्दा तदारुख गर्ने समयमा सर्वियन् कोर्टमा आष्ट्रियन् अधिकारी उपस्थित रही सहायता गर्ने वचनदेओस्.

(६) सेराजेवोमा खुन भइसके पछी सर्विया वा अन्यत्र सर्वियाका वडावडा अधिकारीहरूले आष्ट्रियाको विरुद्ध जो उद्‌गार निकालेका छन्. त्यसलाई सर्वियन् सरकारले खुलासा गर्नु पर्छ.

(७) यी शर्तहरू पूरा गर्ने सूचना सर्वियन् सरकारले ४८ घण्टा भित्र आष्ट्रियन् सरकारलाई दिनु पर्दछ.

भन्ने इत्यादि ११।१२ दफाको खलिता थियो. त्यसमध्ये ७।८ दफाको कुरा सर्वियाले मञ्जुर पनी गरे. आफ्नो स्वतन्त्रतालाई हानि नै हुने किसमका २।३ दफाका कुरा सर्वियन् सरकारले मञ्जुर नगर्ने छाँट गरी सो खवर रसिया सरकारलाई र आष्ट्रियालाई पनी तारद्वारा पठाए. आष्ट्रियाकै राज्यभित्रको सेराजेवोमा सपत्नीक युवराजको खुन भए को हुनाले सर्विया राज्यभित्रका कोही जवान खुन गर्नालाई र गराउनालाई सरीक भएको भई त्यस्मा सर्विया-राज्यले केही जवाव देही दिनु पर्ने भए पनी, एक प्रयत्नवाट नभए आर्को आर्को अनेकन् प्रयत्न तजवीज भइरहेको भन्ने कुरा जाँचको कमिसन् रिपोर्टवाट बुझिनाले त्यस्तो कुरा आष्ट्रियाका अधिकारीहरूलाई र त्यहाँका पुलिसहरूलाई बिलकुल वेमालुम गराई त्यत्रो सारा प्रवन्ध सर्वियावाट आएका मानिसले मात्र गरेका होलान् भन्ने कुरा प्रतीत गर्न लायकको नहुनाले त्यस्तोमा केवल सर्भियाले मात्र यो भन्दा वढी कवुल गर्नु आफ्नो मुलुक आष्ट्रियाको हातमा त्यसै समर्पण गर्नु जस्तो मात्र हुनाले सो सबै कवोल नगर्नु योग्य गरे जस्तो लाग्दछ. त्यति ठुलो गुप्तरहस्य आष्ट्रियन् अधिकारीलाई मालुम थिएन भने सर्वियासरकारलाई पनी मालुम नहुनु उत्तिकै सम्भव छ. त्यसैले सर्विया सरकारको त्यहाँ सम्मको दोष बुझिँदैन. साहज्यादाको हत्या २८ जुनमा[६] भयो. खलिता २३ जुलाईमा[७] आयो. करीव एक महिना जति आफूले विचार गरी आफ्नो सारा हात हतियार खर खजानाको जो गर्नु पर्ने वन्दोवस्त ठीक गरी यो खलिता पठाएकोले दवी सर्भियाले मञ्जुर गर्छ भने पनी आफ्नो मतलव हासिल भइहाल्यो. लड्न खोज्छ भने पनी त्यती सानो राज्यलाई दवाउन शक्यैंछौं. कदाचित् रसिया समेत उठ्यो भने पनी जर्मनीवाट मदत हुन्यैछ. यस वखतमा जर्मनी र आष्ट्रियाको जस्तो सामर्थ्य अरू कुनै पावरको पुगेको छैन भन्ने पूरा विचार गरी यस वारेमा जर्मनी सँग पनी सल्लाह गरेर नै यो खलिता पठाएको हुनु पर्दछ. शत्रुपक्षले सामग्री जोड्ने फुर्सत पनी नपाओस् भन्ने अभिप्रायले

४८ घण्टा भन्दा वढी सर्वियालाई विचार गर्ने टाइम् नदिएको हो कि भन्ने कुरा पनी साफ जाहेर हुन्छ. रसिया गभर्नमेन्टले यो खवर सुने पछी "खलिताको कुराको विचार गर्नालाई सर्वियालाई ४८ घण्टा भन्दा वढीसमय देऊ" भनी पहिले लेखी पठाए, त्यस्को जवाव केही पनी नगएको हुनाले रूसले पनी आपनो फौजी तयारी गर्न भित्र भित्र आरम्भ गरी "सर्वियाका उपर आष्ट्रियाको केही जोर ज्यादा हुन लाग्यो भने हामी स्वस्थ भई वस्ने छैनौं" भनी आष्ट्रियालाई रसियाले केही इशारा पनी गरेका थिए, सो इशाराको केही पनी पर्वाह नराखी, "सर्वियाले खलितामा लेखेको शर्तलाई स्वीकार गर्नालाई आनाकानी गऱ्यो" भनी २८ जुलाई १९१४ सनमा[८] सर्वियाको विरुद्ध आष्ट्रियाले युद्धको घोषणाको विगुल वजाइदियो.

सर्विया राज्यको उन्नति प्रतिदिन वढ्दै आएको र, विशेष गरी २।३ वर्ष अगाडी टर्की र वल्गेरियालाई जिती भूमि वढाएकोले सर्भिया अतिप्रतिष्ठित र वलवान् पराक्रमी हुँदै गएको थियो. परन्तु त्यस युद्धमा भएको क्षति पूरा गर्ने यथोचित मौका मिलेको थिएन यही मौकामा सर्भियाले पनी युद्धको मैदानमा सामेल हुन जानु पऱ्यो.

सर्विया र, सर्वियाको पृष्टपोषक भई रसियाको आष्ट्रिया सँग युद्धहुने जव सम्भव देखिएथ्यो, त्यसै वीचमा जर्मनीले "आष्ट्रिया र सर्वियाको झगडामा तेस्रो राज्यले जाइलाग्नु असल होइन" भनी कुरा उठाए. त्यसमा आष्ट्रियाले सर्वियालाई चूर पारेका पक्षमा स्लाइवजातिको वालकन् प्रान्तमा जोड पनी कम हुन आउने र, टर्की र अरू वाल्कन राज्यमा पनी जर्मनीले पञ्जा फैलाउनालाई वहुतै सजिलो हुने हुनाले दुइराज्यको मात्र लडाई हुन्छ भने वेसैछ भन्ने जर्मनीको पहिलो उद्देश्य भए जस्तो वुझिन्छ. त्यसमा १८७९ सनको[९] वर्लिनको सुलहको सन्धिले टर्किवाट स्वतन्त्र भएका रूमानिआ, वल्गेरिया, सर्भिया, मान्टिनेग्रो, वोस्निया, हर्जगोविना मध्ये वोसनिआ र हर्जगोविना राज्य आष्ट्रियाको निरीक्षणमा मात्र रहेका थिए, अर्थात त्यहाँको सुप्रवन्ध गर्नालाई मात्र आष्ट्रियाको जिम्मामा रहेको थियो. परन्तु १९०८ मा[१०] टर्कीको कमजोरी भएको देखी आष्ट्रियाले यी दुवै राज्यलाई आपनो मुलुक भित्र मिलाई लिए. त्यस्तै गरी सर्वियालाई पनी दवाई क्रमशः आपनो मातहतमा पराउनालाई खोजेको हो, यो खलिता केवल देखौआ मात्र हो. भित्र भित्रवाट सर्वियाको रगत चूसी एकदम नाश गर्ने प्रयत्न हो. सर्विया चूरमार भएको पक्षमा आपना मुलुक भित्रका स्लैवजातिको महत्व पनी कम हुने, वालकन द्वीपमा जर्मनी र आष्ट्रियाको महत्व वढ्न जानाले रसियाको वहुतै हानि हुने हुनाले जर्मनीले उठाएको त्यो कुरालाई केही नसुनी "छ वर्ष देखि यसो मैले वरावर वेइज्जती सही रहेको छु, अव यस्तो वेइज्जती म सहन शक्तिनें" भन्ने कुरा रसियाको वादशाहले गरी आष्ट्रिया सँग गरी आष्ट्रिया सँग रसियाले पनी लडाई खोले.

यसमा जर्मनीको युरोपमा वार नहोओस् भन्ने उद्देश्य भएको भए रसियाले आवश्यकै नपरी म अग्रसर हुने छैन भनी भनेकै थिए. आष्ट्रियालाई २ ४ लवज मात्र जर्मनीले भनेको भए रसिया र आष्ट्रियाको लडाई हुने सम्भवै वन्द हुने थियो. सो वन्द भएका पक्षमा यस वखत युरोपको लडाँइ पनी हुन पाउने थिएन. सो रोक्ने अभिप्राय नभई उल्टो आफूले वढाएको फौज हातहतियारको जोडालाग्ने शत्रुपक्षको हात हतियार नभएको वुझेको हुनाले सबै राष्ट्रलाई दवाई चक्रवर्त्ति हुने मौका यही हो भन्ने संझी, जर्मनीले आष्ट्रियाको पृष्ठपोषक भई "आष्ट्रिया र जर्मनीको सन्धि हुनाले आष्ट्रियाले रसिया सँग लड्नु परे पछी हामीले पनी रसिया सँग लड्नु पर्दछ" भनी रसिया सग जर्मनीले

पनी १ अगष्ट १९१४ को[११] ५ बजे बेलुका लडाई खोले.

रसियाको र फ्रान्सको बीचमा सन्धिभएको हुनाले रसियाको मदतको निमित्त फ्रान्सले पनी जर्मनी सँग लडाइ खोले.

स्वतन्त्र भइरहेको लक्सेम्वर्ग राज्यलाई जर्मनीले कुरा मिलाई २ ता. अगष्टमा[१२] फ्रान्समा हान्नाका निमित्त त्यही वाटो गरी फौज हिँडाए.

वेल्जियमको तटस्थता भङ्ग गरी सोही वाटो गरी फ्रान्समा लडाई गर्न जानालाई वेल्जियम सँग वाटो मागे. "हामीलाई यो वाटो जान दियौ भने तिम्रो स्वातन्त्र्य कायम राखिदिनेछौं. हामीलाई जान दिएनौ भने तिमीलाई शत्रु संभने छौं" भनी जर्मनीले वेल्जियमलाई भन्दा, वेचारो वेल्जियम सानो राष्ट्र हुनाले यो सवै हाल लेखी वृटिस सँग मदत माग्यो. उहाँ पछी वृटिसले "अघी जर्मनी, फ्रान्स, वृटिस, रसिया, आष्ट्रियाले वेल्जियमको स्वतन्त्रता कायम राख्ने कुराको प्रतिज्ञा र सन्धि गरेको हुनाले यो वेल्जियमको मध्यस्थता जर्मनीले पनी भङ्ग गर्नु ठीक छैन. वेल्जियमले पनी यो देशको रक्षाहोस्रोस् भनी वृटिस सँग पुकारा गरेका छन्. सो देश स्वतन्त्र रहनाले नै वृटिसको पनी रक्षा हुन शक्दछ. त्यसैले यो वेल्जियमको तटस्थता जर्मनीवाट भङ्ग हुन लाग्यो भने वृटिसले पनी त्यसको रक्षाका निमित्त लडाइमा सामेल हुनु पर्नेछ." भनी जर्मनीलाई जनाउ दिँदा पनी जर्मनीले त्यो कुरा नसुनी वेल्जियमको राज्यमा पाइला हालेकोले र जर्मनीलाई सोधी पठाएका कुराको पूरा जवाव पनी वृटिसले नपाएका हुनाले जर्मनी सँग वृटिसले पनी ४ अगष्ट १९१४ सनको [१३] ११ बजे लडाइ खोलेको कुरा जाहेर गरे.

### टिप्पणी

१. सन् १८६३ को १८ डिसेम्वरमा = वि. सं. १९२० पौष ४ गते
२. २८ जून् १९१४ सन्को = वि. सं. १९७१ आषाढ १५ गते
३. सन् १९०३ को जुलाई महिनामा = वि. सं. १९६० श्रावणमा
४. यो देवनागरी तथा रोमनमा लेखिएको छ ।
५. २३ जुलाई १९१४ सनमा = वि. सं. १९७१ श्रावण ८ गते
६. २८ जुनमा = वि. सं. १९७१ आषाढ १५ गते
७. २३ जुलाईमा = वि. सं. १९७१ श्रावण ८ गते
८. २८ जुलाई १९१४ सनमा = वि. सं. १९७१ श्रावण १३ गते
९. १८७९ सनको = वि. सं. १९३६ को
१०. १९०८ मा = वि. सं. १९६५ मा
११. १ अगष्ट १९१४ को = वि. सं. १९७१ श्रावण १७ गते
१२. २ ता. अगष्टमा = वि. सं. १९७१ श्रावण १८ गते
१३. ४ अगष्ट १९१४ सनको = वि. सं. १९७१ श्रावण २० गते

# पण्डित गोपाल पाँडेको विषयमा थप कुरा

– नयराज पन्त

नेपाली भाषामा सबभन्दा पहिले गणितको पुस्तक व्यक्तचन्द्रिका लेखी प्रकाश गर्ने पण्डित गोपाल पाँडे हुन् । व्यक्तचन्द्रिकाको दोस्रो संस्करण वि. सं. १९५२ मा निस्केको हो । त्यहाँ उनले त्रैराशिकबाट घनमूल ल्याउने रीति लेखेका छन् । भास्कराचार्यले त्रैराशिकबाट घनमूल आउन सक्तैन भनी बोलेका छन् । गोपाल पाँडेले वि. सं. १९६४ मा तेस्रो संस्करण, वि. सं. १९७१ मा चौथो संस्करण प्रकाश गर्दा पनि सो रीति लेखीरहे । तर उनको सो रीति-को कसैले मण्डन वा खण्डन गरेन । वि. सं. १९७७ मा गोपाल पाँडेको स्वर्गवास भयो । त्यसपछि व्यक्तचन्द्रिकाको अर्को संस्करण निस्किएन । गोपाल पाँडे पनि क्रमशः बिर्सिंदै गए ।

वि. सं. २०२२ सम्म अर्थात् मेरो ५२ वर्षको उमेरसम्म मैले गोपाल पाँडेको सो रीति बुझ्न सकेको थिइनँ । त्यसै वर्ष सूर्यको वलयग्रहण गन्ने प्रसङ्गमा सो रीति मैले बुझें र संशोधन–मण्डलका कार्यकर्ताहरूको सहायता लिई पूर्णिमाका ८, ९, १०, ११ अङ्कमा त्यस विषयमा लेख लेखें । त्यहाँ मैले गोपाल पाँडेको जीवनसम्बन्धी आफूले थाहा पाएका कुरा पनि लेखेको छु ।

वि. सं. २०३७ मा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीतिनामक मेरो ग्रन्थ प्रकाशित भयो । सो ग्रन्थ पूर्णिमामा छापिएका लेखको सङ्ग्रह नै हो । प्रज्ञाप्रतिष्ठानको नियमअनुसार पुस्तक लिए आफूले चाहेको बेलामा २५० थानसम्म पुस्तक पाइने, नगद लिने भए पुस्तक बिक्री भइसकेपछि सो पुस्तकको मोल पाइने रहेछ । मैले पटकपटक गरी ११० थान पुस्तक लिइसकें । सो पुस्तकको एक थानको मोल रु. १६।४० छ । नेपालका सबै महाविद्यालयहरूमा सो पुस्तक उपहार चढाएँ । धेरै गणितज्ञहरूलाई पनि सो पुस्तक उपहार चढाएँ । प्रज्ञाप्रतिष्ठानमा एक पटक र वाल्मीकि विद्यापीठमा एक पटक गरी जम्मा दुइ पटक यस विषयमा प्रवचन पनि गरें । वाल्मीकि विद्यापीठमा प्रवचन गर्दा त्यहाँ नेपालका प्रसिद्ध गणितज्ञहरूको पनि उपस्थिति थियो ।

गोपाल पाँडेले प्रकाश गरेको त्रैराशिकबाट घनमूल ल्याउने रीति बुद्धिवर्द्धक छ, मैले देखेका गणितका कुनै पुस्तकमा पनि सो रीति छैन, गोपाल पाँडेले अरू कुनै ग्रन्थबाट सो रीति नसारी आफ्नै बुद्धिले निकालेका हुन् भने नेपालमा एउटा आविष्कार भयो, अन्तबाट सारेका हुन् भने कहाँबाट सारेका हुन्, यो कुरा थाहा पाउन मलाई अत्यन्त इच्छा भयो र सो पुस्तक मैले गणित बुझ्ने विद्वान्हरूलाई उपहार चढाई सो कुरा बुझ्न खोजेको हुँ । तर

अहिलेसम्म कतैबाट पनि कुरो टुङ्गो लागेको छैन। गणितविषयका विद्वान्हरूको मुखबाट हामीले यस्तो रीत कहीं देखेका छैनौं, कतै देख्यौं भने हामी तपाईंलाई खबर दिउँला भन्नेसम्म उत्तर पाइएको छ।

आफ्ना इष्टमित्रहरूलाई पनि सो पुस्तक मैले उपहार चढाएँ। सो पुस्तक निस्कनेबित्तिकै मैले मेरा मामा मेरुनाथ पाँडे (वि.सं. १९५८–२०३८)लाई उपहार चढाएँ। मेरा मामाले गोपाल पाँडेसँगै पढ्नुभएको थियो तथा गणित पढाएर नै जीवन बिताउनुभएको थियो। तैपनि उहाँको मनमा गोपाल पाँडेको सो रीति राम्ररी चढेको थिएन। सो पुस्तक हेरिसकेपछि यहाँ राम्रोसँग स्पष्ट खुलाएर लेखिदिएको छ, यो कुरा परिश्रम गरेर हेरे त सबैले बुझ्छन्, तर परिश्रम कसले गर्छ र यहाँ भनी मेरा मामाले भन्नुभयो। त्यस बेला उहाँ रोगशय्यामा परिसक्नुभएको थियो। त्यही रोगले वि. सं. २०३८ वैशाख २४ गते बुधवार अक्षयतृतीयाको रातमा पूरा ७९ वर्ष ५ महीनाको आयुमा आर्यघाटमा उहाँको स्वर्गवास भयो।

वि. सं. २०३८ आश्विन १२ गते सोमवार राजदरबारमा पञ्चाङ्गविषयको सभामा रथी धनशमशेर ज. ब. रा.-सँग मेरो भेट भयो र उहाँलाई मैले पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीतिनामक सो पुस्तक उपहार चढाएँ। उहाँबाट गोपाल पाँडेको विषयमा मैले थाहा नपाएको एउटा कुरा थाहा पाएँ। सो यस प्रकारको छ—

"गोपाल पाँडे मेरा गुरु हुन्। मैले उनीसँग हिसाब पढेको हुँ। हाम्रा जिज्यूबुबा (श्री ३ वीरशमशेर) को स्वर्गवास भएको थियो। हामी बर्खी बारिरहेका थियौं। ग्रहण लाग्ने थियो। हामी नुहाउन जान ठीक परेका थियौं। गोपाल पाँडे पान खाँदै कहाँ छ ग्रहण भन्दै आए। नभन्दै ग्रहण देखिएन। श्री ३ देवशमशेरबाट उनले पुरस्कारस्वरूप दोसल्ला पाए। दोसल्ला ओढी हाम्रा जिज्यूमुमा (श्री ३ वीरका कान्छा बडामहारानी) को दर्शन गर्न गोपाल पाँडे आए।"

यो घटना कहिलेको हो भनी मैले सोधें। वि. सं. १९५७ को फाल्गुनमा हाम्रा जिज्यूबुबा (श्री ३ वीर)को स्वर्गवास भयो, वि. सं. १९५८ आषाढमा श्री ३ देवशमशेर लखेटिए, यहीबीचको यो घटना हो भनी उहाँले भन्नुभयो।

यताबाट बाटो मिल्यो र पात्रो पल्टाई मैले हेरें। वि. सं. १९५८ को पात्रोमा ज्येष्ठकृष्ण अमावास्यामा सूर्यबिम्ब १०।२९ ग्रास १।२४ भनी लेखिएको देखियो। यही लाग्नो ग्रहणको गणनामा परेको कसरलाई गोपाल पाँडेले मेट्टाएका रहेछन् भन्ने देखियो।

वि. सं. १९४१ को पात्रोमा छापिएको ग्रहणको संशोधन गर्दा श्री ३ रणोद्दीपसिंहबाट गोपाल पाँडेले दोसल्ला पाएको कुरा मैले सप्रमाण थाहा पाएकोले त्यसलाई लेखिसकेको थिएँ। अर्को ग्रहणमा पनि उनले पुरस्कार पाएका थिए भन्ने कुरा मेरा मातामह पं भुवननाथ पाँडेबाट सुनेको थिएँ। तर कहिलेको सो ग्रहण हो, सो कुरो मैले थाहा पाउन सकेको थिइनें। अहिले रथी धनशमशेरबाट यो कुरा थाहा पाएकोले उहाँलाई म धन्यवाद चढाउँछु।

गोपाल पाँडेको प्रतिभाको कदर गर्ने श्री ३ रणोद्दीपसिंहले गोली खाए, श्री ३ देवशमशेर लखेटिए, ७० वर्ष नाघिसकेका बूढा गोपाल पाँडेलाई भोकभोकै पारिदिने श्री ३ चन्द्रशमशेरले २८ वर्षसम्म निष्कण्टक राज्य गरे। आफ्नो प्रतिभाको कदर गर्ने श्री ३ रणोद्दीपसिंह र श्री ३ देवशमशेरको विषयमा गोपाल पाँडेले पनि केही लेखेको देखिएको छैन। ७० वर्ष पुग्न लागेका गोपाल पाँडेले श्री ३ चन्द्रको चाहिँ प्रशंसा लेखेका छन्। यो पनि विचारणीय छ।

(मेरो साथ रही यो लेख तयार पारिदिएकोमा नानी दिनेशराज पन्तलाई धन्यवाद छ।)

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ५१ अङ्कसम्म | २५११५० |
| २. अभिलेख-सग्रह १-१२ भाग | ७।५० |
| ३. इतिहास–संशोधन | १३। |
| ४. सावधान–पत्र | ६। |
| ५. विद्या-रक्षा | ६। |
| ६. व्याकरण-संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग-संशोधन | ३।५० |
| ८. बुद्धविनोद-प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. पञ्चाङ्ग-संशोधन (१३-१७ सङ्ख्या) | १।७५ |
| १०. सावधान-पत्र (१८–३० सङ्ख्या) | १०। |
| ११. रत्नदीप | २।५० |
| १२. वृत्तशतक | ३। |
| १३. सावधान-पत्र (३१ सङ्ख्या) | ।३५ |

## नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिकपत्रसंग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिकपत्रसंग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बाप्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा पर्याँकिएका कसिंगर | ६।२५ |
| २. इतिहास-संशोधनको प्रमाण-प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायणशाहको उपदेश (१–५ खण्ड) | ४१। |

## त्रिभुवनविश्वविद्यालय पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रिभुवनविश्वविद्यालय संस्कृत अध्ययनसंस्थानको आयोजनामा तयार भएको) | १०२।५० |

## नेपाल राजकीय प्रज्ञा -प्रतिष्ठानतर्फबाट

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।४० |

कार्यालय

# संशोधन–मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

## वि. सं. २०३८ चैत्र

यस अङ्कको मूल्य रु. १०।–

मुद्रक:–
चामुन्द्रा प्रेस
मट्खाटोल, काठमाडौं, नेपाल